# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कञ्चनरुप नगरपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कञ्चनरुप नगरपालिका

## सप्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कञ्चनरुप नगरपालिका

सप्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेस प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १६९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ज्यू ,
कञ्चनरुप नगरपालिका, नगर पालिकाको कार्यालय,
सप्तरी ।

१. कैफियत सहितको राय — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १६ करोड ४६ लाख २७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ६ करोड १७ लाख ५३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कार्वाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २६ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० करोड ५० लाख ४६ हजार, नियमित गर्नुपर्ने रु. ५४ लाख, शोधभर्ना नलिएको रु. ४ लाख ३२ हाजर र पेश्की बाँकी रु. १० लाख ६३ हजार समेत गरी यस वर्ष रु. ११ करोड ४६ लाख ६ हजार बेरुजू कायम रहेको छ । कञ्चनरुप नगरपालिकाको गतवर्ष सम्म रु. ४८ करोड ६५ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६० करोड ११ लाख ६४ हजार रहेको छ । कञ्चनरुप नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कञ्चनरुप नगरपालिकासंग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कञ्चनरुप नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्याम प्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

कञ्चनरुप नगरपालिका,
सप्तरी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | १७२ | १६४६२७ | २ | ३३ | ६१७५३ | ५८ | १३९ | ११४६०६ | २६६५ | ५४०० | १०५०४६ | ० | ४३२ | ११०८७८ | १०६३ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ४८६५५८ | ० | ० | ४८६५५८ | ० | ११४६०६ | ६०११६४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २० | सशर्त अनुदान फिर्ता प्रमाण पेश | ५३०४२२७५.२४ |
| २ | ०७९।०८० | ३५ | भेरिएशन अनदेश प्रमाण पेश | ४०१६९० |
| ३ | ०७९।०८० | ४१.१ | सुरक्षित नागरिक आवासबको प्रगित विवरण पेश | ५८०५००० |
| ४ | ०७९।८० | ४१.३ | श्रेस्ता प्रमाण पेश | ३५००० |
| ५ | ०७९।०८० | ४२.२ | अनुगमन प्रतिवेदन प्रमाण पर्श | ४२५० |
| ६ | ०७९।०८० | ५४.५ | मसौल वितरणको भर्पाई प्रमाण पेश | १११३७५ |
| ७ | ०७९।८० | ५५ | सामाग्रीको जिन्सी दाखिला प्रमाण | २७६००० |

| | | | | |
|---|---|---|---|---|
| | | | पेश | |
| ८ | ०७९।८० | ५६.२ | विद्यालयको हाजिरीको आधारमा असुल लेखिएको | ४३५७९५ |
| ९ | ०७९।०८० | ५७.४ | बढि तलब असुल प्रमाण पेश | १६८८८६ |
| १० | ०७९।०८० | ५९.३ | औषधी वितरणको भर्पाई पेश | १००००० |
| ११ | ०७९।८० | ६३ | जिन्सी दाखिला प्रमाण पेश | ८३००० |
| १२ | ०७९।०८० | ६५ | जिन्सी निरीक्षण प्रतिवेदन पेश | ० |
| १३ | ०७९।०८० | ६६ | भ्रमण प्रतिवेदन पेश | ३९१०० |
| १४ | ०७९।८० | ७० | छुट बिल भर्पाई पेश | ३०००० |
| १५ | ०७९।०८० | ७२.२ | सामाग्रीको जिन्सी दाखिला प्रमाण पेश | २०००० |
| १६ | ०७९।०८० | ७९.१ | पारिश्रमिक कर असुल प्रमाण पेश | ६७६०० |
| १७ | ०७९।८० | ८१.४ | सिलाई मेशिन हस्तान्तरण प्रमाण पेश | ८९९९७ |
| १८ | ०७९।०८० | ८४ | सामाग्री दाखिला प्रमाण पेश | ४६०६७८ |
| १९ | ०७९।०८० | ८७ | नगर विकास कोष सम्झौता प्रमाण पेश | ३००००० |
| २० | ०७९।०८० | ९२.१ | न्यायिक समितिको बैठक माइन्युट पेश | २७९००० |
| २१ | ०७९।०८० | ९७ | नक्सा पास दस्तुर असुल | ४०९५ |
| २२ | ०७९।०८० | ९८ | सहकारी नियमन प्रमाण पेश | ० |
| | **चालु वर्षको जम्मा** | | | ६१७५३७४१.२४ |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **२०७८।७९** | - | - | - |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | - | - | ६१७५३७४१.२४ |

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १४३.३३ वर्ग किलोमिटर तथा ६३५५६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।११ देखि २०८०।६।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ, राजश्वतर्फ, धरौटीतर्फ, अन्य कारोबारतर्फ समेत जम्मा रु. ११५८५६५४६०.१५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १२९६३१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | प्रविधि हस्तान्तरण अन्तर्गत २० प्रतिशत हुन आउने रकम विभिन्न समूह तथा लाभग्राहीबाट असुल | १२३७०५ |
| २ | टमिनी प्रसाद महतोको आयकर रकम असुल | ५९२६ |

## २ लेखापरीक्षण

यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

## कञ्चनरुप नगरपालिका

## एकिकृत आर्थिक विवरण

## आ व २०७९/८०

| आयतर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| आय विवरण | रकम | व्यय शीर्षक | व्यय रकम रु. |
| गत वर्षकोजिम्मेवारी | १६१३८७४०३ | | |
| नगद वैंक | | गत आ.व.को मौज्दातक्रमागत योजना | १४६४१४१९६.११ |
| आन्तरिक आय | १८०८३०९३.७१ | आन्तरिक आय | |
| राजस्व वाँडफाड | | राजस्व वाँडफाड | |
| संघीय सरकार | ९५३९८७१५ | संघीय सरकार | ९०३८१६३७.२७ |
| प्रदेश सरकार | ७९९६३७५ | प्रदेश सरकार | ५९०५९९८ |
| समानिकरणअनुदान | | समानिकरण अनुदान | |
| संघीय सरकार | १२८५२९१४० | संघीय सरकार | १०५५०६६८५ |
| प्रदेश सरकार | १२३५८००० | प्रदेश सरकार | २७७८८३८ |
| सशर्त अनुदान | | सशर्त अनुदान | |
| संघीय सरकार | ३११५२७००० | संघीय सरकार | २७०९४४४१०.७६ |
| प्रदेश सरकार | १२५००००० | प्रदेश सरकार | ११८६२९७२ |
| विशेष अनुदान | | विशेष अनुदान | |
| संघीय सरकार | ० | संघीय सरकार | ० |
| प्रदेश सरकार | ३०००००० | प्रदेश सरकार | २४९६४९६ |
| समपुरक अनुदान | | समपुरक अनुदान | |
| संघीय सरकार | ७०००००० | संघीय सरकार | ७०००००० |
| प्रदेश सरकार | २०००००० | प्रदेश सरकार | २०००००० |
| अन्य अनुदानप्रदेश(IPF वाल उद्यान) | १४३५०००० | अन्य अनुदानप्रदेश(IPF वाल उद्यान) | ३०३०८४६ |

| | | | |
|---|---|---|---|
| जम्मा | ७७४१२९७२७.०१ | जम्मा | ६४८३२२०७९.१४ |
| अन्य निकायवाटअनुदान | | | |
| सामाजिक सुरक्षा भत्ता | २५१४०१००० | सामाजिक सुरक्षा भत्ता | २५१४०१००० |
| एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ८२५२५५७५.०८ | एकिकृत स्वास्थ्यपूर्वाधार कार्यक्रम | ८२५२५५७५.०८ |
| स्थानीय तह प्र्शासनिक भवन पूर्वाधार विकास कार्यक्रम | १६८६९९०२ | स्थानीय तह प्रशासनिकभवन पूर्वाधार विकास कार्यक्रम | १६८६९९०२ |
| गरिवसँग विशेश्वर कार्यक्रम | ४६३००० | गरिवसँग विशेश्वरकार्यक्रम | ४६३००० |
| विविध खर्चखाता ११०३६००६४८४३२२६९ | ७४२५३०६.९१ | विविध कोष खाता, विविधखर्च खाता | २६०९४८२.०० |
| धरौटी | १४८८३१५९.१२ | धरौटी | ८०६१३५ |
| सडक बोर्ड | ५७८०५२१.०० | सडक बोर्ड | ५७८०५२१ |
| एकल महिला सुरक्षा कोष | १००००० | एकल महिला सुरक्षा कोष | ० |
| महिला हिंसा निवारण कोष(लङ्गिक निवारण कोष) | १००००० | महिला हिंसा निवारणकोष | ० |
| कर्मचारी कल्याण कोष ११०३६००६४८४३२११० | ११६७९०५ | कर्मचारी कल्याण कोष | ० |
| मर्मत सम्भारकोष ११०३६००६४८४३२११० | ३६०७६४० | मर्मत सम्भार कोष | २०७०० |
| स्थानीय प्रकोपकोष | १११७२४ | स्थानीय प्रकोप कोष | ० |
| जम्मा | ३८४४३५७३३ | जम्मा | ३६०४७६३१५.०८ |
| | | वैक मौज्दात | १४९७६७०६५.९० |
| | | आन्तरिक राजस्व खाता११०३५००६४८४३२२८५ | १८०८३०९३.७१ |
| | | सञ्चित कोष खाता | २४४५१७२२.५७ |
| | | पूजीगत खर्च खाता११०३६००६४८४३२२२६ | ५२३९३८२१.७९ |
| | | चालु खर्च खाता११०३६००६४८४३२२१८ | ३६८४३०३९.७१ |
| | | विविध खर्च खाता११०३६००६४८४३२२६९ | ५१०३१९३.९७ |
| | | विविध कोष खाता११०३६००६४८४३२११० | ३६०६६४० |
| | | प्रकोप | १११७२४ |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन११०३६००६४६४३२१४५ | |
| | | धरौटी खाता११०३६००६४८४३२१०२ | १४०७७०२४.१२ |
| | | महिला हिंसा निवारणकोष | १००००० |
| | | एकल महिला सुरक्षा कोष | १००००० |
| कुल जम्मा | ११५८५६५४६०.१२ | कुल जम्मा | ११५८५६५४६०.१२ |

सैद्धान्तिक बेरुजु

## ४ वित्तीय बिबरणको परीक्षण

४.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

४.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २५१४०१०००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ९९३९५४७७.०८ , र अन्य रु. ४६३००० समेत गरी रु. ३५१२५९४७७.०८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **फरक हिसाब** — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका

क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १४६०८९५५.१२ , यस वर्षको प्राप्ति रु. २०५८७६५६.२७ ,यस वर्षको भुक्तानी रु. ३२२६७८७.३९ र बैङ्क मौज्दात रु. ९२०५४८८.५४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १७५९९६३५८.४२ | ९७६५९०४००.५५ | १०१२०२५१८१.६१ | १४०५६१५७७.३६ |
| एकीकृत आर्थिक विवरणअनुसार | १६१३८७४०३.३ | ९९७१७८०५६.८२ | १००८७९८३९४.२२ | १४९७६७०६५.९० |
| फरक | १४६०८९५५.१२ | (२०५८७६५६.२७) | ३२२६७८७.३९ | (९२०५४८८.५४) |

| सैद्धान्तिक बेरुजु |
|---|

४.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१७९३३५६८३ मौज्दात रहेकोमा यो वर्ष रु. १६१३८७४०३.३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७९४८२७९.७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको | १,७९,४८,२७९ |
|---|---|

४.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण र पालिकाको अन्तिम बैङ्क मौज्दात पटक पटक माग गर्दा समेत पेश नगरेको र अन्तिम प्रतिवेदन(FAR) जारी गर्दा समेत पेश नभएकोले पालिकाले अन्तिम बेङ्क मौज्दात पेश गरी श्रेस्ता भन्दा बैङ्क बढि वा घटी भएमा पालिकाले हिसाब मिलान गरी उक्त हिसाब मिलानको प्रमाण पेश गर गर्नुपर्दछ।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २४४५१७२२.५७ | ० | ० |
| चालु खर्च खाता | ३६८४३०३९.७१ | ० | ० |
| पुँजीगत खर्च खाता | ५२३९३८२१.७९ | ० | ० |
| विविध खर्च खाता | ५१०३१९३.९७ | ० | ० |

| | | | |
|---|---|---|---|
| महिला हिंसा निवारण कोष | १००००० | ० | ० |
| एकल महिला सुरक्षा कोष | १००००० | ० | ० |
| विविध कोष खाता | ३६०६६४० | ० | ० |
| विपद व्यवस्थापन खाता | १११७२४ | ० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | १४०७७०२४.१२ | ० | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | १८०८३०९३.७१ | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | ० | ० | ० |
| **जम्मा** | | | ० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४.६ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.९८१४६० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८१,४६० |

५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय

समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,०४,४३,९१३.०० | २,६३,६६,०१०.०० | ६५.१९ |
| २ | सामाजिक विकास | ३२,३६,९६,९२६.०० | २८,५६,५९,६१६.७६ | ८८.२५ |
| ३ | पूर्वाधार विकास | ३०,४३,८१,७३८.३० | १९,९६,३०,२३९.११ | ६५.५९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४,७४,४३,६२६.०० | ३,५२,५७,१२६.०० | ७४.३१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,४५,५७,०००.०० | १०,१४,०९,०८७.२७ | ७०.१५ |
| जम्मा | | ८६,०५,२३,२०३.३० | ६४,८३,२२,०७९.१४ | ७५.३४ |

| सैद्धान्तिक बेरुजु |
|---|

८ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | आषाढ महिनाको |
|---|---|---|---|

| | | प्रथम | दोस्रो | तेश्रो | खर्च |
|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | ११,५८,४८,५४९.०० | ० | ७९,७७,५७३.०० | १०,७८,७०,९७६.०० | ७३१३६२०८ |
| प्रतिशत | ५२.४९ | ० | ३.६ | ४८.८९ | ३३.१४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूजिगत तर्फ वार्षिक रु.११५८४८५४९ खर्च भएकोमा प्रथम चौमासिकमा रु. ०, दोस्रो चौमासिकमा रु ७९,७७,५७३.०० र तेस्रो चौमासिकमा रु १०,७८,७०,९७६.०० खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७३१३६२०८ (३३.१४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २६५ | १४४ | ८ | १६ | ९७ |

सैद्धान्तिक बेरुजु

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका

क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **खरिद तथा ठेक्का व्यवस्थापन-**

• अध्ययन अनुसन्धान, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका अधिकांश कार्य परामर्शदाताबाट गराएकोमा प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको,उपयोग सुनिश्चितता बेगर परामर्शका कार्य गराएको,फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको,उचित र पर्याप्त कारण बेगर निर्माण कार्यको पटक पटक म्याद थप हुने गरेको, निर्माण व्यवसायीको ढिलाईको कारण निर्माण सम्पन्न नभएको अवस्थामा समेत पूर्वनिर्धारित क्षतिपूर्ति नलिइएको ,

• इन्डेक्स तथा सुत्र फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको , जमानतको म्याद थप नगरिएको, सम्झौता अनुसार बीमा नगरिएको, सम्झौता अनुसार पेश्की फर्स्यौट नगरेको सम्पन्न योजनाहरु हस्तान्तरण नगरेको, नियमित मर्मत सम्भार नगरेको

• आयोजना तथा निर्माण कार्य अधुरा रहेको, कार्यसम्पन्न प्रतिवेदन पेश नगरेको, निर्माण कार्यको एज विल्ट नक्सा पेश नगरेको

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा

परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस नगरपालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सबै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले भ्रमण तथा अनुगमन वापत रु. ७ लाख ९३ हजार खर्च लेखेकोमा अधिकांश भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ नगरपालिकाले रू. ४१ लाख ९९ हजार खर्च गरेको छ ।यस्ता विविध खर्चको पुष्टयाई हुने पर्याप्त प्रमाण, कागजात संलग्न राख्ने गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• नगरपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन

गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३ **राजश्व अभिलेख-** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । स्वचालित प्रणालि जडान नहुँदा छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक लेखापरीक्षण-** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२०५६३८०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ९३७९९६२.७९ अर्थात अनुमान भन्दा ४५.६१ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१८ **योजना प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल २६५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र सं | कार्यक्रको नाम | योजना संख्या | रु. २० लाख माथिको योजना संख्या | रु. ५ लाख देखि २० लाख सम्मको योजना | रु. ५ लाख भन्दा कमको संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १०० | १४ | २० | ६६ |
| २ | वडास्तरीय | १६५ | १ | ४९ | ११५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत

प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३४ योजनामात्र कार्यान्वयन भई १३१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **शसर्त अनुदान फिर्ता-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर शसर्त अनुदा फिर्ता गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु ५,३०,४२,२७५.२४।- सम्परीक्षण गरिएको।)*

२१ **म्याद ननाघेको पेश्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ७ कार्यक्रमको लागी रु. ८२४४६६९ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

| **नाम** | **पेश्की विवरण** | **रकम** |
|---|---|---|
| रायूष कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | कन्चनरुप न.पा. वडा न. ७ र ८ जोड्ने बन्द्रा खोला पुल निर्माण कन्चंरूप न.पा. ७। | १७,४४,६६९.०० |
| रायूष कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | कन्चनरुप न.पा. वडा न. ७ र ८ जोड्ने बन्द्रा खोला पुल निर्माण कन्चंरूप न.पा. ७। | ५१,४३,८००.०० |
| रायूष कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | विविध कार्यक्रम संचित कोष | १३,५६,२००.०० |
| जम्मा | | ८२४४६६९ |

सैद्धान्तिक बेरुजु

२२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले सुत्र बाहिरको पेश्की विवरण पेश गरेको छैन। सुत्रको आधारमा नगरपालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. १०६२७६१ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| नाम | पेश्की विवरण | रकम |
|---|---|---|
| राजेश कुमार यादब | यस वडाका अपाङ एकल महिलालाई सम्मान कार्यक्रम | ८५,०००.०० |
| दिबा कान्त चौधरी | कृषक अवलोकन भ्रमण | १,००,०००.०० |
| दिबा कान्त चौधरी | कृषक स्तर अवलोकन भ्रमण (कृषि शाखा) | २,००,०००.०० |
| दिबा कान्त चौधरी | अध्ययन अवलोकन भ्रमण (सहकारी शाखा) | २,००,०००.०० |
| चन्द्रकला पंडित | करार सेवा शुल्क | २६,०८२.०० |
| अर्जुन परियार | करार सेवा शुल्क | ७८,२४६.०० |
| ललितेश्वर प्रसाद | सार्वजनिक मुद्धा व्यवस्थापन (लिखत वकालत मुद्धा तामिली) | ५०,०००.०० |
| राजेश कुमार यादब | कृषक महिलाहरुलाई सीपमूलक तालिम | १,००,०००.०० |
| राजेश कुमार यादब | बाखा पालन तथा दुध उत्पादन सम्बन्धी अगुवा किसानहरुलाई तालिम | ७३,४३३.० |
| संजय कुमार गुप्ता रौनियार | सञ्चित कोष विभिन्न कार्यक्रम | १,००,०००.०० |
| करदाता सेवा कार्यालय, राजविराज | विपन्न नागरिकलाई बाखा वितरण कार्यक्रम | ५०,०००.०० |
| जम्मा | | १०६२७६१ |

| | |
|---|---|
| पेश्की | १०,६२,७६१ |

२३ **परामर्श सेवा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा कार्यालयले आफुले खरिद गरेको वा अन्य कुनै माध्यम बाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पतिको लेखा खरिद मूल्य, स्पेशिफिकेशन लगायतका विवरण खुल्ने गरी राख्नु पर्ने र ति अभिलेख खर्च भएर जाने र खर्च भएर नजाने छुट्टा छुट्टै खातामा अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । लेखापरीक्षण क्रममा पेश भएका देहायका परामर्श सेवा को प्रतिबेदन लाई पालिकाले सम्पतिको रुपमा जिन्सी दाखिला गरेको देखिएन। नियमानुसार दाखिला गरी प्रमाण पेश गर्ने रु.

| गो भौ | काम | फर्म | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४० संघीय | Master plan of foot trail | गहिल इन्जिनियरिंग | १९८५३४१ |
| १६३ संघीय | DPR | ह्याब्रिक कन्सल्टेन्ट | १९७८५५८ |
| जम्मा | | | ३९६३८९९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,६३,८९९ |

२४ **एसपीएल प्रतियोगिता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ४१ मा सरकारी रकम खर्च गर्दा खर्चका लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले नगरपालिकाको टिम लाई एसपीएल प्रतियोगिता सहभागिताका लागि सप्तरी क्रिकेट संघ लाई रु.३५०००० भुक्तानी गरेकोमा सो को रसिद संलग्न गरेको देखिएन । सहभागिता शुल्क बराबरको रसिद पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

२५ **गुदरी हटिया व्यवस्थापन** - पालिकाले गुद्री हटिया व्यवस्थापनका लागि जग्गा धनी जोगेन्द्र प्रसाद रौनियार संग २०८४ असाढ मसान्त सम्मका लागि २०८०/३/२४ मा सम्झौता गरेको छ। दिर्घकालीन असर गर्ने जग्गा भाडा लिनु पूर्व पालिकाले गुदरी हटिया का लागि उपयुक्त हुने सार्वजनिक जग्गा पहिचान र खोजी गरी व्यवस्थापन गर्नु पर्नेमा सो नगरी सोझै लिजमा लिएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

२५.१ पालिका र जोगेन्द्र रौनियार बिच भएको सम्झौता बमोजिम ४ बर्ष को लागि रु. २ लाख भाडा निर्धारण भएको र सो को भुक्तानी दामासाहीले बार्षिक रुपमा गरिने भनिएकोमा पालिकाले एकै पटक सबै भुक्तानी (रु. २ लाख) गरेको नियम सम्मत मान्न सकिदैन। एक बर्षको लागि दामासाही ले हुने रु. ५०००० बाहेक बढि भुक्तानी भएको रु. १५०००० असुल गरी कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

२५.२ जग्गा बहाल भुक्तानी गर्दा बहाल कर बापत नियमनुसार कट्टा गर्नुपर्ने बहाल कर १० प्रतिशत कट्टा नगरिएकोले यस बर्षको भुक्तानी बापत हुन आउने बहाल कर रु. ५००० सम्बन्धित बाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ५,००० |
|---|---|

२६ **अधुरो कवर्ड हल निर्माण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अधुरो कवर्ड हलमा शौचालय तथा चेन्जिङ्ग रुम निर्माणका लागि क्युजल एण्ड कवलेन्दु कन्स्ट्रक्सन संग रु.९६७५९७.५८ को सम्झौता गरेको देखियो । पालिकाले क्रमशः रु.७०३८७५।—( प्रथम रनिङ्ग विल) र रु २६३५५९।—(अन्तिम रनिङ्ग) बिलको भुक्तानी गरेको छ । अधुरो निर्माणमा पहिलाको नापी र मूल्यांकन पेश नहुँदा हाल र पहिलेको काम छुट्याउन सक्ने अवस्था देखिएन । ल्याब टेस्ट बापत एकमुष्ट राखिएको रु.१०००० को आधार पेश नहुँदा वास्तविक रहेको यकिन गर्न सकिदैन । पालिकाले अधुरो काम गर्दा बिगतका नापी मुल्यांकन लगायतका विवरण अधावधिक गरी नयाँ लागत अनुमान तयार गर्ने र सोहि अनुसार काम गर्नुपर्ने देखिन्छ। पालिकाले हरेक आइटमको लागत बनाउँदा विभागीय नर्म्स, जिल्ला दर रेट तथा बजार दर समेतलाई आधार लिई मितव्ययी किसिमले लागत कायम गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम-** शिक्षा तथा मानवश्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानवश्रोत विकास केन्द्रद्वारा प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायकाविद्यालयलाई रु.५५३२४९३।- लाख निकासा/भुक्तानी भएको छ ।

| क सं | विद्यालयको नाम | निकासा प्रयोजन | विनियोजन रु. | भुक्तानी |
|---|---|---|---|---|
| १ | शंकर मा.वि.बरमझिया | २ कोठे भवन निर्माण | २२ लाख ५० हजार | २१५८५८७.०० |
| ३ | जामिया स्लामिक मदरसा घोघनपुर | २ कोठे भवन निर्माण | २२ लाख ५० हजार | २०७७९०६.०० |
| ४ | महेन्द्र जनता मा.वि.वलुवा | ICT Lab स्थापना | ६ लाख ५० हजार | ६४६०००.०० |
| ५ | सर्वोदर मा.वी.कंचनपुर | ICT Lab स्थापना | ६ लाख ५० हजार | ६५००००.०० |
| | **जम्मा** | | ५८००००० | **५५३२४३९३.००** |

२७.१ **जामिया ईस्लामिक मदरसा घोघनपुर-** पालिकाले २ कोठे भवन निर्माणका लागी रु.२३९९३१७।- को लागत अनुमान तयार गरेको देखिन्छ । उपभोक्ता समितिलाई पालिकाले निर्माण सम्पन्न प्रतिवेदन र बिल

पेश भएअनुसार जम्मा रु.२०७७९०६।-भुक्तानी गरेको छ। कार्यसम्पन्न प्रतिवेदनअनुसार रु.२४०२१७७ को कार्य सम्पन्न भएपनि डिटेल स्टिमेटअनुसार माटो खर्ने काम ४०.४७ घ.मि. हुनुपर्नेमा १८३.२२ घ.मि.को नापी भएको, माटो भर्ने काम ६७.०८ घ.मि. हुनुपर्ने १४२.७२ घ.मि.नापी भएको देखियो । माटोको काम दोहोरोले बढेर भुक्तानी भएकोमा मेन स्ट्रक्चर RCC,form work को काम भने कम गरेको देखियो । पालिकाले लागत अनुमान संसोधन समेत गरेको छैन ।मेन स्ट्रक्चरको काम कम गरी माटोको काम बढी देखाई गरिएको भुक्तानीको वास्तविकता यकिन गर्न सकिएन ।सो सम्बन्धमा पालिकाले नै वास्तविकता यकिन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७.२ **ICT Lab महेन्द्र जनता मा.वि.वलुवा-** ल्याव स्थापनाको लागि केन्द्रले निर्धारण गरेको LMS Software, Personal Computer, Printer,Trolly जस्ता ल्याब उपकरण खरिद गर्नका लागी IT Consultants सँग खरिद प्रकृया गर्नुपर्ने देखिन्छ ।पालिकाले फर्निचर,भाँडा,ईलेक्ट्रोनिक्स सामानको खुद्रा व्यापार गर्ने पसलसँग दररेट माग गरी खरिद गरेको देखिन्छ ।पालिकाले उपरोक्त ल्याव उपकरण जय श्रीराम ईन्टरप्राईजेज संग खरिद गरी रु.६४६००० भुक्तानी गरेकोमा सफ्टवेयर जस्तो प्रविधी हस्तान्तरणको काम फर्निचर पसलसँग खरिद गरेको कार्य नियमसम्मत देखिएन । तसर्थ फर्मको करविजकको कर समायोजन पेश गर्नुपर्ने साथै ल्याबको जडान तथा परिक्षण प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४६,००० |

२७.३ पालिकाले सर्वोदय मावि कंचनपुरलाई ICT Lab बापतको अनुदान रकम भौतिक प्रगती बेगर सिधै बिधालयको खातामा भुक्तानी गरेको देखिन्छ । तसर्थ खरिद प्रकृयाको स्रेस्ता, भौतिक प्रगती देखिने जडान तथा परिक्षण प्रतिवेदन पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

२८ **निर्माण कार्यमा ल्याब टेष्टको भुक्तानी-** पालिकाले यस वर्ष निर्माण कार्यको गुणस्तर आश्वस्तताका लागी निर्माण कार्यको स्टिमेटमा ल्याब टेष्टवापत PS Item मा एकमुष्ट रकम छुट्याई सोहीअनुसार अन्तिम बिलको भुक्तानी गरेको देखिन्छ । PS Item को भुक्तानीमा बिल पेश गर्नुपर्नेमा देहायअनुसारको भुक्तानीमा बिलबेगर एंव बिलरकम भन्दा बढी रकम भुक्तानी गरेको देखिन्छ । तसर्थ बिल रकमभन्दा बढी सम्बन्धितवाट असुल गर्नुपर्ने रु

| सि.नं. | गो.भौ.नं. | भुक्तानी रकम | बिल रकम | बढी भुक्तानी | |
|---|---|---|---|---|---|
| १ | ८।०८०-३-२२ | ९६०५ | ११३० | ८४७५ | |
| २ | ९।०८०-३-२२ | १०००० | १६९५ | ८३०५ | |
| ३ | ७/०८०-३-२२ | १०९४४ | 0 | १०९४४ | निर्माण व्यवसायीको कर बिजकमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | थप गरी बिल पेश गरेको |
| जम्मा | | | | २७७२४ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,७२४ |

२९ **अग्रिम कर कट्टी-** पालिकाले ईलेक्ट्रोनिक्स सामान बापत नमन ट्रेडर्सलाई ४ थान प्यान बील संलग्न गरी रु.५८०००।- भुक्तानी गर्दा प्यान बिलमा नियमानुसार १५% अग्रिम करकट्टी नगरी १.५% मात्र कट्टा गरेको देखियो । तसर्थ कट्टा हुन छुट अग्रिम कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८३० |

३० **समरसियल बोरिङ्ग-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले स्विकृत नम्सको अधिनमा रहेर जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले बिभिन्न मितिमा 1 HPIndian समरसियल पम्प Including Panel Board खरिद तथा जडान गर्दा जिल्ला दररेट भन्दा फरक दररेट राखी लागत अनुमान तयार गरेको देखियो। जसले गर्दा पालिकाले थप बढि व्ययभार बहन गर्नु परेको देखिन्छ।जिल्लादरमा उल्लेखित सामान र खरिद गरिएको सामान फरक रहेको पालिकाको भनाई रहेकोमा स्पष्ट खुल्ने स्पेशिफिकेशन तयार नगरिएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन ।पालिकाले लागत अनुमान तयार गर्दा स्पेशिफिकेशन सहित विभागीय नर्म्स र स्वीकृत जिल्लादर पालना तर्फ पालिकाले ध्यान दिनुपर्दछ। भुक्तानी गरिएका फाइलमा नियमानुसार नापी किताब, कार्य सम्पन्न प्रतिबेदन लगायतका विवरण संलग्न नरहेकोले सम्पादित कामको वास्तविकता समेत सुनिश्चित गर्न सकिएन।भुक्तानी भएको सामानको स्पेशिफिकेशनको आधारमा वास्तविक लागत एवम् सम्पादित कामको पुष्ट्याई पालिका बाटै यकिन गरिन पर्दछ।जिल्लादर भन्दा फरक दर राखि लागत अनुमान तयार गरिएका खरिदका केहि उदाहरण निम्न छन्।

| गो.भौ. | फर्मको नाम | जिल्ला दर | भुक्तानी दर | फरक | संख्या | बढि लागत |
|---|---|---|---|---|---|---|
| ८३१/२०८०।३।२१ | रुपकला कन्स्ट्रक्सन प्रा.ली. | रु.१४,११२ | रु.२५००० | रु.१०८८८ | १२ | १३०६५६ |
| ८९८/२०८०।३।२३(चालु तर्फ) | उ.स.(वडा नं.८) | रु.१४,११२ | रु.२५००० | रु.१०८८८ | २ | २१७७६ |
| ९०६/२०८०।३।२३(चालु तर्फ) | उ.स.(वडा नं.१०) | रु.१४,११२ | रु.२५००० | रु.१०८८८ | १ | १०८८८ |
| १६२/२०८०।३।२४ | पि.आर.कन्स्ट्रक्सन | रु.१४,११२ | रु.२५००० | रु.१०८८८ | ७ | ७६२१६ |
| १५९/२०८०।३।२४ | बंजरगवली कृषक समुह | रु.१४,११२ | रु.२५००० | रु.१०८८८ | १ | १०८८८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७५७/०८०-३-१८ | 13 जना कृषक | रु.२२५०० | रु.४०००० | रु.१७५०० | १३ | २२७५०० |
| जम्मा | | | | | | ४७७९२४ |

सैद्धान्तिक बेरुजु

३१ **जाली क्रेटिङ-** विष्णु पंचायन मन्दिरको दक्षिण पट्टि तारजाली क्रेटिङ कार्य बापत सुदामा यादब निर्माण सेवालाई रु.४८४,६७७।७९ भुक्तानी भएको देखिन्छ। उपरोक्त कार्यको लागत अनुमान तयार गर्दा पालिकाले डोलिडारको नर्म्स प्रयोग गरी Packing and filling of gabion crate with rubble stone को दररेट रु.७३०७।५० निर्धारण गरी लागत अनुमान तयार गरेकोमा जल स्रोत तथा सिचाई बिभागको नर्म्सभन्दा रु.२५३५।—बढी दररेट राखेको देखियो।निर्माण व्यवसायीले सो कार्यका लागि रु.७३००।-कबोल गरेको देखिन्छ।बिभागीय नर्म्स भन्दा फरक नर्म्स प्रयोग गर्दा प्रति घ.मी. रु.४७७२।५० का दरले ४१ घ.मी.को रु.१,०३,६२७।५० बढी व्ययभार पर्न गएको देखिन्छ।पालिकाले संचालन गर्ने योजनाको लागत अनुमान तयार गर्दा कामको प्रकृति अनुसार सम्बन्धित बिभागको नर्म्स परिपालना गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **रितपूर्बकको कर बिजक-** मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धिकरमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको करवीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले रितपूर्वकको करवीजक बेगर (कर बिजकमा बिक्रेताको हस्ताक्षर नभएको,कर विजक नं. हातले लेखेको) देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.३५७७८४.६० समेत रु.३११००६०.७८ सामान तथा निर्माणसेवा खरिद गरेको छ।तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको करबिजक वेगर भुक्तानी लिएको रकमको मू.अ.कर समायोजन गरेको प्रमाण पेशगर्नुपर्ने रु

| सि.नं. | निर्माण व्यवसायी/सप्लायर्स | कर बिजक नं. | बिजक रकम | भ्याट रकम |
|---|---|---|---|---|
| १ | अवरार कन्स्ट्रक्सन प्रा.ली | नलेखेको | ६८६४६८.९५ | ७८९६४.३० |
| 2 | सोनाक्षी कन्स्ट्रक्सन | ०४/०८०-२-१८ | ९४६८७०.४२ | १०८९३२ |
| ३ | क्युजल एण्ड कबलेन्दु कन्स्ट्रक्सन | ००४/०७९-१२-२८ | ७०३८७५.५३ | ८०९७६.८३ |
| ४ | महेन्द्र निर्माण सेवा | 05/080-3-18 | ७७२८४५.८८ | ८८९११.४७ |
| 5 | C.P.International Power & Investment pvt.ltd. Birgunj | 51/080-3-12 (फोटोकपी पेपरमा कर बिजक प्रिन्ट गरेर पेश गरेको) | ७९५२११ | ५९१११ |
| जम्मा | | | ३९०५१७१.७८ | ४१६८९५.६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,०५,२७१.७८ |

३३ **ट्राफिक ब्लकर खरिद-** पालिकाले १ थान ट्राफिक ब्लकर खरिद वापत रु.१५५९४३।– अजय रिपेयरिङ्ग सेन्टरलाई भुक्तानी गरेको देखिन्छ । खरिद गरिएको सामान पालिकाले दाखिला समेत नगरेको र ट्राफिक कार्यालयलाई हस्तान्तरण समेत गरेको देखिएन । ट्राफिक ब्लकरको जिन्सी दाखिला र हस्तान्तरणको कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,९४३ |

३४ **पेश्की जमानत अवधि-** सार्वजनिक खरिद ऐनको दफा ५२ (क) मा निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावलीको नियम ११३मा मा तेस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने रहेको छ ।पालिकाले सी एम/किरातेश्वर/जोशी जेभी लाई धर्मेश्वर धारापानी क्षेत्र भित्र पूर्वाधार निर्माण तथा संरक्षण का लागि दिएको पेश्की रकम रु.६०,००,००० बापत सो निर्माण व्यवसायीले पेश गरेको APG को म्याद सन् २०२२ जुलाई ९ सम्म मात्र रहेकोले सो म्याद गुज्रिसकेको हुँदा पेश्की बापतको रकम जोखिममा रहेको देखिन्छ । सम्बन्धित निर्माण व्यवसायीलाई नियमावली बमोजिमको अवधिको बैंक जमानत पेश गर्न लगाउनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

३५ **बाल उधान निर्माण-** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम निर्धारित समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ५९ तथा नियमावलीको नियम १२७ र १२८ मा खरिद सम्झौताको अन्त्य सम्बन्धी व्यवस्था छ । नगरपालिकाले बाल उधान निर्माणका लागि नेशनल निर्माण सेवा संग सम्झौता गरेकोमा तोकिएको अवधिमा कार्य सम्पन्न गरेको देखिएन ।साथै लेखापरीक्षण अवधी सम्म पनि सो योजनाको म्याद थप भएको छैन ।पालिकाले समयमै औचित्यका आधारमा म्याद थप वा सम्झौता अन्त्य गरी ठेक्का फरफारक गर्नुपर्दछ । बाल उधान निर्माण सम्बन्धमा देखिएका अन्य व्यहोराः

**BOQ भन्दा बढी परिमाणको भूक्तानी-**

*........... (प्रारम्भिक प्रतिवेदन उपर भेरिएसन आदेश प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ४,०१,६९०।- सम्परीक्षण गरिएको।)*

३६ **प्रशासकीय भवन**

प्रशासकीय भवन निर्माण सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

---

३६.१ **प्रमाण वेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(२) मा बिल बिजकको भुक्तानी लिनका लागि खरिद सम्झौता बमोजिम आवश्यक कागजात पेश गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले प्रशासकीय भवन निर्माणको (वि.ओ.क्यु) मा प्रोभिजनल समको आइटममा रहेको लाइट गार्ड को लागि रु. ३००००० भुक्तानी गरेकोमा कुनै कागजात, बील भरपाई संलग्न गरेको देखिएन। सो काम भएको प्रमाणित हुने कागजात तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

३६.२ **मूल्य समायोजन-** भुक्तानी हुन योग्य रकममा मात्र मूल्य समायोजन दिने व्यवस्था छ ।पालिकाले भेरिएशन आदेश सवीकृत नगरी बढी परिमाणको भुक्तानी दिएकोमा सो रकम लाई भेरिएशन आदेश स्वीकृत नभए सम्म भुक्तानी योग्य रकम मान्न मिल्दैन । पालिकाले तेस्रो रनिंग बील भुक्तानी गर्दा ०.०७२ को इन्डेक्सले मूल्य समायोजन भुक्तानी गरेको देखिन्छ । भेरिएशन बेगरको बढी परिमाण बापतको रकम रु.२२,०१,१३९ मा सोही इन्डेक्स प्रयोग गरी दिईएको मूल्य समायोजन नियम संगत मान्न सकिदैन । सो परिमाणको स्वीकृत भेरिएशन आदेश को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५८,४८२ |

३६.३ **प्रोभिजनल समको भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(२) मा बिल बिजकको भुक्तानी लिनका लागि खरिद सम्झौता बमोजिम आवश्यक कागजात पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि डोलेश्वर महादेव रायुश जेभी लाई (वि.ओ.क्यु) मा प्रोभिजनल समको आइटममा रहेको बीमा बापत रु.१२,००,००० भुक्तानी गरेकोमा रु.५३६६०२ को बील मात्र संलग्न रहेकोले बिल भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६३,३९८ |

३६.४ **BOQ भन्दा बढी परिमाणको भूक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवन निर्माण बापत तेस्रो रनिंग बील सम्म डोलेश्वर महादेव रायुश जेभी लाई भुक्तानी गर्दा सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको प्राबिधिक मुल्यांकन राखी भुक्तानी

गरेको देखिन्छ । सो सम्बन्धमा भेरिएशन बापतको भुक्तानी भएको पालिकाको जवाफ रहेको, तर सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिमका प्रक्रिया पुरा गरी भेरिएशन आदेश स्वीकृत गरेको प्रमाण संलग्न गरेको देखिएन । सम्झौता भन्दा बढी भुक्तानी भएको परिमाणको दफा ५४ र नियम ११८ बमोजिम स्वीकृत भेरिएशन आदेशको प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु.

| आइटम | हुनुपर्ने परिमाण(BOQ) | भएको परिमाण(MB) | दर | फरक रकम |
|---|---|---|---|---|
| Preparation of site | ८१९.८४ | ८२५.१३ | रु.१०० | रु.५२९ |
| Excavation in foundation | ६७१.४९ | १४२५.४ | रु.५०० | रु.३७६९५५ |
| E/W filling | ४५८.७९ | ८५५.२४ | रु.३०० | रु.११८९३५ |
| Earth filling borrowed soil | ४४४.७८ | ४७८.९३ | रु.८०० | रु.२७३२० |
| PCC 1:3:6 | ३२.८१ | ५०.७७ | रु.१०००० | रु.१७९६०० |
| PCC for RCC(1:1:2) | ६०५.६० | ६८०.४९ | रु.२०००० | रु.१४९७८०० |
| जम्मा | | | | रु.२२०११३९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,०१,१३९ |

३६.५ **बढी दरले भुक्तानी-** आइटम न. ३ मा रहेको माटो खन्ने कार्य (म्यानुअल) को दर रु.३०० र परिमाण १९० घनमीटर रहेकोमा सो काम आइटम २ माटो खन्ने काम (मेशीनरी) मै समावेश गरी रु.५०० का दरले भुक्तानी गरेकोले प्रति घ.मी. मा रु.२०० बढी भुक्तानी भएको देखिन आएकोले बढी भुक्तानी भएको रकम असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,००० |

३७ **१५ शैया को अस्पताल-** आ व २०७७-७८ मा लामा/रायुश जेभी संग सम्झौता भई निर्माण भैरहेको अस्पतालमा लेखापरीक्षण गरिएको अवधी सम्म छ वटा बीलको भुक्तानी भएको छ । सो ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरुः

३७.१ **BOQ भन्दा बढी परिमाणको भूक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ शैया को अस्पताल निर्माण बापत छैठौ रनिंग बील सम्म लामा/रायुश जेभी लाई भुक्तानी गर्दा सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको प्राबिधिक मुल्यांकन राखी भुक्तानी गरेको

देखिन्छ । सो सम्बन्धमा भेरिएशन बापतको भुक्तानी भएको पालिकाको जवाफ रहेको, तर सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिमका प्रक्रिया पुरा भेरिएशन आदेश स्वीकृत गरेको प्रमाण संलग्न गरेको देखिएन । सम्झौता भन्दा बढी भुक्तानी भएको परिमाणको दफा ५४ र नियम ११८ बमोजिम स्वीकृत भेरिएशन आदेश प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,७३,४८१.५ |

३७.२ सम्झौता अनुसार ८०% भुक्तानी हुँदा सम्म सबै पेश्की फछ्र्यौट भैसक्नुपर्नेमा सो भन्दा बढी भुक्तानी भैसक्दा पनि पालिकाले उपलब्ध गराएको विवरण अनुसार रु.५,८६,३१५ पेश्की बाँकी नै रहेकोले समयमै पेश्की फछ्र्यौट तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७.३ अस्पतालमा लगाइएका स्यानेटेरी र इलेक्ट्रिकल आइटमहरु को प्राविधिक निरीक्षण प्रतिवेदन संलग्न नरहेकोले सम्झौतामा उल्लेखित स्पेशिफिकेशन बमोजिम कै सामान रहेको भनि सुनिस्चित हुन सकिएन।पालिकाले सम्बन्धित क्षेत्रको प्राबिधिक मार्फत स्पेशिफिकेशन बमोजिम रहे नरहेको सुनिस्चित गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **कृषि मिटरमा विधुत महशुल अनुदान-** पालिकाले गरिब विपन्न किसानहरुके लागि कृषि मिटर र १५ वाट सम्म विद्युत महशुल निशुल्क कार्यक्रम तर्फ ३१ जना कृषकको जम्मा रु.८४५०६।— विधुल महशुल भुक्तानी गरेको छ।पालिकाले पेश भएअनुसार कृषी मिटरको सम्पुर्ण युनिटको भुक्तानी गरेको छ।कार्यक्रममा १५ वाट सम्म अनुदान दिने उल्लेख छ । साथै पालिकाले यस्तो अनुदानका लागी कार्यविधि समेत बनाएको देखिएन। तसर्थ पालिकाबाट अनुदान वितरणको कार्यविधी तर्जुमा गरी अनुदानको परिचालन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **फरक कामको भुक्तानी-** पालिकाले अधुरो सामुदायिक भवन निर्माणमा उपभोक्ता समितिलाई रु.३८६६९१।- भुक्तानी गरेको देखिन्छ । उपरोक्त कार्यको नापी किताबमा ईटाको सोलिङ्गको २२.०९ वर्ग मिटर (२.२०९घ.मि.) को नापी गरी प्रति वर्गमिटर रु.१०३०.८२ (रु.१०३०८.२०/घ.मि.) को दरले भुक्तानी गरेको देखिन्छ ।स्रेस्ता परिक्षण गर्दा उपभोक्ता समितिले पेश गरेको फोटोमा ढुँगाको सोलिङ्ग गरेको देखिन्छ।पालिकाले ढुँगाको सोलिङ्गलाई ईटाको सोलिङ्ग भनी गरेको भुक्तानी नियम संगत मान्न सकिदैन ।रेट एनलाईसिस अनुसार प्रति घ.मि. रु.५७६१.५० को

दरले ढुँगा सोलिङ्गको भुक्तानी हुनुपर्नेमा बढि भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०४३ |

४० **उपभोक्ता समितिवाट खरिद व्यवस्थापन-** पालिकाले यसवर्ष संचालन गरेका निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राहि समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राहि समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

• उपभोक्ता समितिहरुबाट सम्पन्न भएका निर्माण कार्यहरूको पर्याप्त पुष्टयाईं तथा विश्वसनीयताको लागि निर्माण कार्य पूर्व तथा निर्माण कार्यसम्पन्न भइसके पश्चातको तस्विरहरु भुक्तानी श्रेस्तासाथ राख्नुपर्नेमा अधिकाँश योजनामा सो अनुरुप प्रमाणकागजात राखेको देखिएन । यसरी निर्माण कार्यको स्पष्ट प्रमाण राख्ने गरेको नदेखिएकोले सो सम्बन्धमा ध्यान दिइ प्रमाण कागजात र अभिलेखीकरण व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

• उपभोक्ता समितिहरुले पेश गरेको अधिकांश निर्माण कार्यहरुमा ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका, उपभोक्ता समितवाट हुने प्रकृतिका लगायतको आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत आवको योजनाको भुक्तानी गर्दा तथा यसबर्ष सँचालन भएका योजनाहरु उपभोक्ता समितिलाइ हस्तान्तण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको व्यहोरा सहित अपनत्ब कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यीबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• **निर्माण कार्यको समय र गुणस्तर —** सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंकृटिङ, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । निर्माण गराएको नापी किताब सम्लग्न गरेकोमा भुक्तानी भएका योजनाहरुको प्राविधिक परीक्षण न्युन रुपमा मात्र रहेको देखियो । cement concreting लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत व्यवस्थित अनुगमन प्रतिवेदन समेत संलग्न गरेर मात्र निर्माण कार्य गराउनु पर्ने देखिन्छ । संचालित हुने सम्पूर्ण योजनाहरूको गुणस्तर परीक्षण गराई तोकिएको नर्मस तथा specification अनुसार छ/छैन यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

• **ग्राभेल कार्यको गूणस्तर परीक्षण-** पालिकाले यसवर्ष अधिकांश योजना ग्राभेल बिछ्याउने कार्यमा गरेको देखियो । कम्प्याक्सन सहितको दर विश्लेषण गर्दा प्रतिघनमिटर ग्राभेल तयारी कार्यको लागि लुज ग्राभेल, ग्रेडर रोलर र पानी ट्यांकर समेतको दर विश्लेषण गरी समावेश गरी दररेट निर्धारण गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिबाट भएका निर्माण कार्यको compaction test गरेको देखिएन ।पूर्वनिर्धारित स्पेशिफिकेशन तथा लागत अनुमान अनुसार निर्माण कार्य भए नभएको सम्बन्धमा स्पष्ट पार्ने प्राविधिक परीक्षण हुनुपर्ने देखिन्छ।

• **खर्च अनुमोदन;-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकावाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• **डोर हाजिरः** पालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्णरुपमा भर्नुपर्दछ

। पालिकासँग भएको सम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकवाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक नम्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• **नापी किताब प्रबिष्टी एवं अभिलेखः-** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी कितावमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत अधिकाँश योजनामा नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउंदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादीत नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राखुपर्दछ।

• उपभोक्ता समितिहरुले बिल भरपाईहरु पेश गर्दा सेतो कागजी भरपाईमा रकम बुझाएको दस्तखत सहितको प्रमाण राख्ने गरेको, बिल भरपाईहरु जोड जम्मा गर्ने नगरेको, सामग्रीहरु कुन ठाउँबाट ढुवानी गरेको हो खुल्ने स्थिति नरहेको र फरफारक श्रेष्ता साथ संलग्न विवरण अनुसारको कुनैपनि फारमहरू भर्ने नगरेको देखियो। यस्तो प्रकारको श्रेस्ताहरु संलग्न गरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले खरिद नियम कानूनको परिपालना अनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

• पालिकाले यसवर्ष उपभोक्ता समितिलाई गत विगत वर्षका केही योजनाहरूको रनिङ तथा यसवर्षका केहि योजनाहरुको रनिङ बिलअनुसार भुक्तानी दिएकोमा योजनागत खाता राखेको देखिँदैन। यसरी योजनागत खाता नराखी थप अर्को विल भुक्तानी गर्दा भुक्तानी दोहोरो हुनसक्ने, भुक्तानी परिमाणहरू दोहोरिनसक्ने, वढी भुक्तानी हुनसक्ने लगायतका समस्याहरु देखिन सक्ने भएकोले स्पष्ट प्रमाण कागजात, योजनागत खाता तथा खर्चको आधार संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ।

• सार्वजनिक खरिद नियमावली ९७ अनुसार उपभोक्कता समितलाइ वहुवर्षिय योजना सम्झौता गर्न नहुने

उल्लेख छ । कार्यालयले उपभोक्ता समितिलाइ पेश्की समेत उपलव्ध गराइ कार्य गराएको देखिएकोमा योजनागत पेश्की लगत तथा कार्य प्रगति राखेको देखिएन। पेश्कि लगत नराखी तथा आन्तरिक नियन्त्रण प्रणाली मजवुत नवनाइ भुक्तानी गर्दा पेश्की दुरुपयोग हुनसक्ने, फछ्यौट नहुन सक्ने तथा समयमा कार्य पुरा नहुन सक्ने देखिन्छ । यसरी व्यवस्थित अभिलेख नराखी तथा कार्य प्रगति समेत नराखी पेश्की दिएको पेश्की जोखिममा परेको देखिएकोले पालिकाले कार्यप्रगति हेरर मात्र पेश्की दिनुपर्ने तथा आर्थिक वर्षको अन्तसम्म कार्यसम्पन्न नहुने उपभोक्ता समितिलाइ पेश्की दिने कार्यलाइ निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• **लागत अनुमान अनुसारको विल भरपाइ यकिनको स्थिति -** उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नर्म्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको ) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । अधिकाँश योजनाहरुको श्रेस्तासाथ संलग्न विल भरपाइको परीक्षण गर्दा गिटी तथा वालुवाको कागजी भरपाइ संलग्न गरी पेश गरेकोमा कति परिमाण उपभोक्ता समितिवाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्तावाट पेश भएका बिल भरपाई हरूको पालिकाबाट नर्म्स अनुसार को गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन। पटकपटक रनिङ विल दिइ विलहरुमा आशिक विल भरपाइ राख्ने गरेकोले bill of quantity अनुसार श्रम सामाग्री तथा मेसिनरि औजारको विल भरपाइहरु मेल खाने स्थिति रहे नरहेको यकिन गर्ने स्थिति नरहेकोले प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल

भरपाई संलग्न गराई वास्तविक खर्च यकिन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• सार्वजनिक खरिद नियमावली २०६४ को १२ औ संसोधन अनुसार उपभोक्ता समितिबाट हुने खरिद व्यवस्थापनमा २० लाख भन्दा माथिको खरिदमा विमा गर्नुपर्ने र कार्यालयले सहजिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिमार्फत भएको योजनाहरुको विमा गरेको देखिएन । नियमावलीको परिपालनामा ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **सुरक्षित नागरिक आवास कार्यक्रम**

४१.१ ........... *(प्रारम्भिक प्रतिवेदन उपर सुरक्षित नागरिक आवासको भौतिक प्रगति प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु.५८,०५,०००।- सम्परीक्षण गरिएको।)*

४१.२ **कन्टिन्जेसी खर्च-** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी २०७५ को बुंदा नं.१७ मा ४% रकम कन्टिन्जेन्सि वापत छुट्टयाई सोको २% सम्म सम्बन्धित स्थानीय तहले खर्च गर्ने उल्लेख छ । पालिकाले यस वर्ष कन्टिन्जेसीबापत कार्यक्रममा रकम नछुट्टाई बैठक भत्ता, अनुगमन खर्च र अन्य उपकरण मसलन्द खरिदमा रु१८०९००।- खर्च लेखेको देखियो । यस्तो भुक्तानी नियमसम्मत देखिएन रु

| अनियमित भएको | १,८०,९०० |
|---|---|

४१.३ **स्रेस्ता पेश गर्ने अन्यथा असुल गर्ने-**

........... *(प्रारम्भिक प्रतिवेदन उपर श्रेस्ता तथा बिल भर्पाई प्रमाण पेश भएको आधारमा मिति २०८०।१।४ मा रु. ३५,०००।- सम्परीक्षण गरिएको।)*

४२ **बढी भुक्तानी-** पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रममा भ्रमण बिलको रु.११२४००।- भुक्तानी गरेको देखियो । स्रेस्ता परीक्षण गर्दा रुपेश कुमार रायको नाममा अनुगमन भत्ताबाप रु६२५००।- सामान खरिदको रु १७८००।- र दैनिक भ्रमण खर्चको रु.३२१००।- भुक्तानी भएको देखियो ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छः

४२.१ पालिकाले वि.स.२०८० असार महिनाको १,२,५,७ र ११ गते सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत घर निर्माणको अनुगमन गरे वापत देहायअनुसारको कर्मचारी र पदाधिकारीवाट अनुगमन भत्ता बुझिलिएको भरपाई संलग्न गरी रु.५५२५००।- भुक्तानी भएको देखिन्छ । अनुगमन समितिको पदाधिकारी बाहेकको कर्मचारीलाई यस्तो अनुगमन भत्ता वितरण गर्न नमिल्ने देखिँदा

पदाधीकारी बाहेकका कर्मचारीलाई भएको भुक्तानी असुल गर्ने रु.

| क्र.सं. | नाम | पद | दिन | रकम |
|---|---|---|---|---|
| 1 | ललन प्रसाद गुप्ता | नगर प्रमुख | ५ | ४२५० |
| 2 | सुशिला कुमारी चौधरी | सा.वि.अ. | ५ | ४२५० |
| 3 | राजेश कुमार राज | लेखा अधिकृत | ५ | ४२५० |
| 4 | नवराज खडका | प्रशासन अधिकृत | ५ | ४२५० |
| 5 | पुनम कुमारी चौधरी | रोजगार संयोजक | ५ | ४२५० |
| ६ | रुपेश कुमार राय | सव-ईन्जिनियर | ५ | ४२५० |
| 7 | खेमराज कुमार यादब | रोजगार सहायक | ५ | ४२५० |
| 8 | नाम उल्लेख नगरेको | ड्राईभर | ५ | २१२५ |
| | जम्मा | | | ३१८७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,८७५ |

४२.२ अनुगमन समितिबाट ५ दिन सम्म अनुगमन भनि देहायअनुसारको पदाधिकारीबाट अनुगमन भत्ता भुक्तानी/बुझिलिएकोमा अनुगमन प्रतिबेदन र सुरक्षित नागरिक कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन जारी नगरेकोले यस्तो भत्ता वास्तविक हो भनी यकिन गर्न सकिएन । तसर्थ देहायअनुसारको अनुगमन भत्ता पुष्टि हुने अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने अन्यता असुल गर्नुपर्ने रु

| क्र.सं. | नाम | पद | दिन | रकम |
|---|---|---|---|---|
| १ | मुना पोखरेल | नगर उप-प्रमुख | ५ | ४२५० |
| २ | शशिकान्त चौधरी | ईन्जिनियर | ५ | ४२५० |
| | जम्मा | | | ८५०० |

***(प्रारम्भिक प्रतिवेदन उपर पुरुषोत्तम घिमिरेको अनुगमन प्रतिवेदन प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ४२५०।- सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५०० |

४३ **कोटेशनबाट निर्माण कार्य-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले

बिस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ ।लेखापरीक्षण क्रममा पेश भएका फाइलमा पालिकाले प्रतिस्पर्धा सिमित हुनेगरी एकै प्रकृतिका योजना टुक्रा गरी तीन वटा फर्म संग दररेट माग गरी न्युनतम दर पेश गर्ने संग सम्झौता गरी खरिद गर्ने गरेको छ।प्रतिस्पर्धा सिमित गरी गरिएका यस्ता खरिद कार्य नियम संगत मान्न सकिदैन । सोझै खरिद प्रक्रिया मार्फत गरिएका खरिदका केहि उदाहरण निम्न छन्।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **कृषि विधुतिकरण-** पालिकाले यस वर्ष कृषी विधुतिकरणकार्यक्रम अन्तर्गत पोल तथा तार जडानका लागी २ पटक गरी कोटेशन विधिवाट देहाय अनुसारको निर्माण व्यवसायीबाट ७२ पोल जडान गरेको देखिन्छ। पालिकाले कृषी भुमिमा पानी तान्ने मोटरमा विधुत आपुर्ति सहजताका लागि जम्मा रु.१६३९६४६ खर्च गरी ७२ वटा पोल जडान गरेको कार्य विधुत प्राधिकरणको कार्यक्षेत्र रहेकोले यस्तो पोलमा नियमित विधुत आपुर्ति र मर्मत संभारका लागी यस्तो योजना सम्पन्न गरी प्राधिकरणलाई हस्तान्तरण गर्नु पर्ने देखिन्छ । लेखापरिक्षणको क्रममा पालिकाले कार्यसम्पन्न प्रतिवेदन पेश गरे पनी योजना हस्तान्तरण गरेको देखिएन । तसर्थ कार्यक्रमको दिगोपना र नियमित विधुत आपुर्ति, मर्मत संभार एवं संरक्षणका लागि योजना हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

| सि.न. | योजनाको नाम/वडा | गो.भौ.नं. | रकम | भुक्तानी प्रास गर्ने | पोल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि विधुतिकरण-८ | ६७/२०८०।२।४ | ६७५७४०।- | एस.एम.टि.ड्रिलिङ सेवा | ३० | सोझै खरिद |
| २ | कृषि विधुतिकरण-७ | ६८/२०८०।२।४ | ९६३९०६।- | कश्यप कन्स्ट्रक्सन | ४२ | सोझै खरिद |
| | | | १६३९६४६ | | | |

सैद्धान्तिक बेरुजु

४५ **सोझै खरिदमा कानुनको पालना**

१. ईलेक्ट्रोनिक्स र ईलेक्ट्रिक आईटम खरिद कार्यका लागि स्फेसिफिकेशन तयार नगरेको,

२. ईलेक्ट्रोनिक्स र ईलेक्ट्रिक आईटम खरिद कार्यका लागी लागत अनुमान तयार नगरेको, लागत अनुमानको आधार नलिएको,

३. पालिकाले विभिन्न वडा कार्यालय, सामुदायिक भवन,वाल क्लब भवन निर्माण गरेकोमा DPR,

Drawing & Design तयार नगरेको,

४. खरिद दर प्रचलित बजार दररेट भन्दा दोब्बर रहेको,
५. उपभोक्ता समितिवाट निर्माण कार्यको खर्च अनुमोदन र निर्माण कार्यको सम्पन्नको लागि आमभेलाबाट सार्वजनिक परिक्षण नगरेको,

६. पालिकाले असारमा कोटेशन विधीबाट र उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने गरेको देखियो । कतिपय अवस्थामा निर्माण अवधी ७ दिनको मात्र दिने गरी निर्माण कार्य गराउँदा निर्माण कार्यको गुणस्तर कायम रहेने देखिदैंन । तसर्थ पालिकाले खरिद प्रकृया समयमै थालनी गर्नु पर्दछ ।
७. पालिकाले उपभोक्ता समितिबाट निर्माण गराउँदा उपभोक्ता समिति गठनमा समाबेशीता कायम गर्दै प्रत्यक्ष लाभान्वित जनसमुदायको सहभागीता सुनिश्चित गर्नुपर्ने देखिन्छ । साथै उपभोक्ता समिति गठनको सुचना उपयुक्त माध्यमबाट सार्वजनिक रुपमा प्रवाह गरी आमभेलाबाट गठन गर्नुपर्ने देखिन्छ ।
८. पालिकाले कोटेशनबाट खरिद गर्दा मौजुदा सुचिमा दर्ता नरहेको सप्लार्यस/निर्माण व्यवसायीबाट समेत खरिद गरेको देखियो । साथै सम्बन्धित मालसामान विक्रि वितरणको ईजाजत प्राप्तसँग मात्र कोटेशन माग गर्ने र त्यस्तो पत्र सम्बन्धित सप्लायर्स/निर्माण व्यवसायीले प्राप्त गरेको भरपाई/निस्सा समेत राख्नु पर्ने देखिन्छ ।
९. पालिकाले गर्ने योजना/कार्यक्रमको भुक्तानीमा उपमेयरको अनुगमन कतिपय अवस्थामा रहेको देखिएन । तसर्थ नियमानुसार अनुगमन पश्चात मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ ।
१०. पालिकाले साईट क्लियरेन्सवापतको रकम लागत अनुमानमा LS Item मा एकमुष्ट राख्ने गरेको देखिन्छ । पालिकाले DUDBC/DOR को स्विकृत नम्सअनुसार डिटेल स्टिमेट बनाई मात्र साईट क्लियरेन्समा रकम अनुमान गरी लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ ।
११. पालिकाले मालसामान/निर्माण कार्य गर्ने/जटिल प्रकृतीको काम गर्ने सप्लायर्स/निर्माण व्यवसायीको मौजुदा सुची तयार गर्दा सम्बन्धित कारोबार गर्नेको ईजाजत पत्रअनुसार वर्गिकरण गर्नुपर्ने देखिन्छ । साथै मौजुदा सुचीमा दर्ता रहेको सँग मात्र दररेट माग गर्नुपर्ने देखिन्छ । कतिपय अवस्थामा पालिकाले खरिद गरी सकेपश्चात मौजुदा सुचिमा दर्ता गर्ने गरेकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्ने देखिन्छ ।
१२. सोझै खरिदलाई थप प्रतिस्पर्धि,निष्पक्ष र मित्वययी बनाउन पालिकाले कोटेशन पेश गर्ने सम्बन्धी सुचना वेवसाईटमा प्रकासित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४६ **शत्रुधन रौनियारको घर देखि श्यमसुन्दर रौनियारको घरसम्म नाला निर्माण-** ७८ मिटरको उक्त नाला निर्माणका लागि सोझै खरिद मार्फत शिव सागर निर्माण सेवा सुनसरी सँग मिति २०८०।०३।०८ मा सम्झौता गरिएको छ । सोही मितिमा पालिकाले मिति २०८०।०३।१४ गते (७ दिन) भित्र कार्य सम्पन्न गर्ने कार्यदिश दिइएको र मिति २०८०।०३।१८ मा खुद काम भएको रु. ७,७७,२३५।८५ को कार्यसम्पन्न प्रतिवेदन जारी गरी गो भौ १३७÷२०८०।०३।२० बाट रु. ७,०५,७०२ भुक्तानी भएको देखिन्छ ।यसरी करिब ८० मिटरको नाला ७ दिनमा निर्माण गरेको कार्य गुणस्तरीय रहेको भनि

आश्वसत हुन सकिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **पारिश्रमिक-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ४१ सरकारी रकम खर्च गर्दा खर्चका लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७९ फाल्गुण देखि २०८० जेठ सम्म दैनिक ज्यालादारी भनि देहायका व्यक्तिलाई एकमुष्ट पारिश्रमिक भुक्तानी गरेकोमा कहिले, के कामका लागि नियुक्ति गरियो, हाजिरी लगायतका विवरण केहि संलग्न गरेको छैन । भुक्तानी गर्दा आवश्यक पर्ने प्रमाण बेगर भुक्तानी भएको र फेरी २०८० असार महिनामा ति कर्मचारी लाई पारिश्रमिक भुक्तानी नगरेकोले यो खर्च वास्तविक भएको भनि यकिन गर्न सकिएन ।सम्बन्धित पालिकाको स्वीकृत दरबन्दी र रिक्त रहेका पदको विवरण, कर्मचारीहरु को नियुक्ति पत्र, प्रमाणित हाजिर विवरण, सम्पादन गरेका कार्यहरु लगायतका कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु.

| पद | नाम | रकम(कर बाहेक) |
|---|---|---|
| तथ्यांक सहायक | आदित्य राम | ११४००९ |
| अमिन | अजय कुमार मण्डल | ११४००९ |
| का. स. | दिनेश कुमार गुप्ता | ८५६०१ |
| सब इन्जिनियर | विवेक साह | १०३१४८ |
| जम्मा | | ४१६७६७ |

| प्रमाण पेश नगरेको | ४,१६,७६७ |
|---|---|

४८ **कानूनी सल्लाहकार-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । नगरपालिकाले यो वर्ष ललितेश्वर प्रसाद लाई कानूनी सल्लाहकार नियुक्ति गरी तलव भत्ता वापत मासिक रु.१५००० का दरले कुल रु १८०००० पारिश्रमिक भुक्तानी दिएको छ। न्यायिक समितिमा कानूनी सल्लाहका लागि नियुक्ति गरिएको कार्यालयको भनाइ रहेको छ । सल्लाहकार नियुक्ति गर्दा स्पस्ट कार्य विवरण बनाई सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९ **पेडा प्रवर्धन कार्यक्रम** - (संघीय सशर्त चालु तर्फ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) मा क्याटलग सपिङ सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले क्याटलग सपिङ बाट खरिद भनि १४ वटा डिप फ्रिज र स्टेपलाइजर प्रति सेट रु. ९४१८४.२६(मू अ कर बाहेक) का दरले गो भौ च नं ३३३-३/२३ बाट पूर्णिमा सप्लायर्स एण्ड ट्रेडर्सलाई रु. १४८९९९५ भुक्तानी गरेको देखिन्छ।

खरिदका लागि प्रस्ताव माग गरेका सप्लायर्सको आधिकारीक बिक्रेताको कागजात संलग्न नरहेकोले नियमावलीको व्यवस्था बमोजिम ति विक्रेता आधिकारिक रहे नरहेको यकिन गर्न सकिएन। साथै नियम ११० बमोजिम छनौट भएको प्रस्तावदाता संग कार्यसम्पादन जमानत लिनुपर्नेमा सो नलिई ५ वर्षे वारेन्टी लिएको कार्यालयको भनाई रहेको छ। पालिकाले कुनै पनि खरिद गर्दा कानूनी परिपालनामा ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **पारिश्रमिक कर-** आयकर ऐन २०५८ को दफा ८७ अनुसार आयमा करकट्टी गर्ने व्यवस्था छ । नगरपालिकाले पालिकाको कानूनी सल्लाहकार ललितेश्वर प्रसाद लाई पारिश्रमिक भुक्तानी दिदा पारिश्रमिक कर १५% कट्टा नगरी केवल १% कट्टा गरेकोले रु.१८०००० को नपुग कर असूल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,२०० |

५१ **दोहोरो सुबिधा-** पालिकाले नगरसभा बाट स्वीकृत गरेको कार्यसंचालन निर्देशिका,२०७८ को नियम १८ मा प्रमुखको निजि सचिवालयमा सहयोगी व्यवस्थापन गर्न बढीमा २० हजार मासिक खर्च गर्न सकिने र उक्त रकम एकमुष्ट उपलब्ध गराउने वा सचिवालयको लागि कर्मचारी राख्ने भनि व्यवस्था गरिएको छ ।पालिकाले नगरप्रमुखको सचिवालय सहयोगी भनि बैजु कुमार साह लाई २०७९ जेष्ठ १० गते बाटै मासिक रु.२०००० का दरले भुक्तानी गर्दै आएकोमा फेरी सचिवालय व्यवस्थापन खर्च भनि एकमुस्ट रु.२७३२४० नगर प्रमुख श्री ललन प्रसाद गुप्ता लाई भुक्तानी गरेको छ। एकै परियोजनमा दोहोरो पर्ने गरी खर्च लेख्नु कानुन सम्मत देखिदैन। दोहोरो सुविधाबापतको बढि रकम ललनप्रसाद गुप्ताबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७३,२४० |

५२ **एम्बुलेन्स चालक-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ४१ सरकारी रकम खर्च गर्दा खर्चका लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले एम्बुलेन्स चालक महेश चौधरी लाई २०७९ चैत्र देखि २०८० असार सम्मको एकमुष्ट पारिश्रमिक रु.११०४४८ भुक्तानी गरेकोमा निजको नियुक्ति पत्र, प्रमाणित हाजिर लगायतका कागजात संलग्न गरेको छैन । खर्च प्रमाणित गर्ने कागजात बेगर एकमुस्ट ४ महिनाको पारिश्रमिक एकै पटक भुक्तानी हुनुले सो कारोबारको यथार्थता यकिन गर्न सकिएन ।निजको नियुक्तिपत्र, प्रमाणित हाजिर तथा सो अवधिमा गरेको कामको विवरण लगायतका कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,४४८ |

५३ **दिवा खाजा कार्यक्रम-** तोकिएका विद्यार्थीको दिवा खाजाका कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाइ मात्र आधार मानेर निकासा दिने दिवा खाजा

उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरीपुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराइ स्थानीयतहमा सँकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने व्यवस्था छ। नगरपालिकाले यस बर्ष दिवा खाजा वापत जम्मा रु.१,२७,७७,१५० विद्यालयहरुको खातामा निकासा गरेको छ ।दिवा खाजा कार्यक्रमको २० प्रतिशत फाइल नमुना परीक्षणको रुपमा परीषण गर्दा यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन।

५३.१ **बढी दिवा खाजा भुक्तानी-** क्रियाकलाप नं. २.७.११.१ अनुसारपालिकाले पहिलो त्रैमासिक बापत इमिसको डाटा अनुसार दिवा खाजा रकम निकासा गर्नुपर्ने र दोस्रो किस्ता विद्यालयमा दिवा खाजा भौतिक रुपमा चलेको दिन विद्यार्थी संख्या व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकले बास्तविक संख्या यकिन गरी मात्र दोस्रो त्रैमासिक निकासा गर्ने व्यवस्था छ।तर पालिकाले त्रैमासिक रुपमा नगरी विद्यालयको प्रधानाध्यापकको हाजिरी प्रमाणीकरणको आधारमा दिवा खाजा निकासा गरेको छ। साथै नमुना छनौटको आधारमा IEMIS को संख्या भन्दा बढि विद्यार्थी संख्या राखि भुक्तानी गरेकोले बढि विद्यार्थी संख्या बापतको निकासा रकम असुल हुनुपर्ने रु.

| विद्यालय | कक्षा | IEMIS अनुसार विद्यार्थी सं. | पेश विद्यार्थी सं. | दिवा खाजा सञ्चालन दिन | दर | बढी संख्या | रकम |
|---|---|---|---|---|---|---|---|
| भुवन मा वि ठेलिया | बाल बिकास | ११ | ३३ | १४३ | १५ | २२ | ४७१९० |
| | २ | २६ | ३० | १४३ | १५ | ४ | ८५८० |
| | ५ | १८ | ४२ | १४३ | १५ | २४ | ५१४८० |
| | ६ | २९ | ३३ | १४३ | १५ | ४ | ८५८० |
| सुन्दरी रा प्रा वि रघुनाथपुर रुपनगर ८ | १ | २२ | ३३ | १०२ | १५ | ११ | १६८३० |
| | ५ | १७ | २० | १०२ | १५ | ३ | ४५९० |
| रा प्रा वि पुर्व | बालबिकास | ३२ | ४० | ६७ | १५ | ८ | ८०४० |
| शंकर माध्यमिक विद्यालय सुब्बाटोल | बाल बिकास | ३१ | ३५ | ६१ | १५ | ४ | ३६६० |
| जनता आधारभूत विद्यालय बदगामा | १ | ६ | २० | ५८ | १५ | १४ | १२१८० |
| | २ | ११ | १५ | ५८ | १५ | ४ | ३४८० |
| मदरसा कासिउलुम कंचनरुप १ | बालबिकास | ३८ | १०६ | ४४ | १५ | ६८ | ४४८८० |
| | ३ | २५ | ५७ | ४३ | १५ | ३२ | २०६४० |
| | ४ | ५० | ५४ | ४३ | १५ | ४ | २५८० |
| जम्मा | | | | | | | २३२७१० |

| असुल गर्नुपर्ने | २,३२,७१० |
|---|---|

५३.२ **बढि दिन दिवा खाजा-** कार्यक्रम कार्यान्वयन पुस्तक २०७९/८० क्रियाकलाप नं. २.७.११.१ अनुसार दिवा खाजाका लागि वर्षभरी १८० दिनका लागि मात्र अनुदान दिन मिल्ने उल्लेख छ।तर भुवन माध्यमिक विद्यालयलाई दिवा खाजा बापत पहिलो अनुदान रु. ३५४३७५ खर्च लेखेको छ। भाद्र देखि चैत्र सम्म हाजरी पेश गरी १४३ दिन दिवा खाजा सञ्चचालन प्रधानाध्यापकले प्रमाणित गरी हाजिरी पेश गरेको छ। दोस्रो अनुदान बापत बैशाख देखि अषाढ सम्म ५६ दिन दिवा खाजा सञ्चालन गरी रु. १,४७,७८० खर्च लेखेको छ।क्रियाकलाप अनुसार तोकिएको दिन भन्दा १९ दिन दिवा खाजाको बिल पेश गरि खर्च लेखेकोले जम्मा विद्यार्थी २०३ जनाको रु. १५ का दरले १९ दिनको असुल रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,८५५ |

## ५४ शिक्षा तर्फ विविध

५४.१ **पाठयपुस्तक अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा तेश्रो त्रैमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७९ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ।नगरपालिकाले IEMIS को विद्यार्थी संख्याको आधारमा हुने रकमको भौचर १७६-१।२१ बाट ७५ प्रतिशत रु.४६६८२७१पहिलो निकासा र भौ च नं २१७,२१८-३।७ बाट २५ प्रतिशत रु. १७७५४५६ गरी ३३ विद्यालयमा रु. ६४,४३,७२७ निकासा गरेकोमा २५ प्रतिशत बापत नपुग रकम माग गर्नुपर्नेमा सो नगरी सिधै अनुदान रकम निकासा गरेको पाइयो। लेखापरीक्षण अवधि सम्म निम्न विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरेको बिल र भर्पाई पेश नगरेकोले निकासा बमोजिमको पाठयपुस्तक खरीदको विल र भर्पाई पेश हुनुपर्ने रु.

| विद्यालय | ७५ प्रतिशत | २५ प्रतिशत | जम्मा निकासा रकम |
|---|---|---|---|
| रा प्रा वि बकाल जगतपुर | ६०९०४.५० | २०३०१.५ | ८१२०६ |
| जनता आ वि बदगामा १० | १४४१३४.५५ | ४८०४४.८५ | १९२१७९.४० |
| रा प्रा वि प्रिप्रा पूर्व | ६१८६७.८० | २०६२२.६० | ८२४९०.४० |
| पब्लिक आधारभूत विद्यालय कंचनपुर | १६६०४६.१० | ५५३४८.७० | २२१३९४.८० |
| शंकर मा वि सुब्बाटोल | २१९३६६ | २९२४८८ | ५११८५४ |
| रा आधारभूत विद्यालय वस्तीपुर | ५२०९२.७५ | १७३४३.२५ | ६९४३६ |
| आधारभूत वि बरमाझिया कंचनरुप ३ | १८१३२८.७ | ६०४४२.९० | २४१७७१.६० |
| शंकर उ मा वि भगवतपुर काष्ठमहल | ५१०१६१.१७ | १७००५३.७३ | ६८०२१४.९० |
| भगवति रा पा पथरी | ९४२८९.७ | ३१४२९.९० | १२५७१९.६० |

| | | | |
|---|---|---|---|
| दुर्गा आधारभूत विद्यालय गोरपार | ११७१३४.८५ | ३९०४४.९५ | १५६१७९.८० |
| रा प्रा वि घोघनपुर जमुवा | ३५७४५.६० | ११९१५.२० | ४७६६०.८० |
| रा प्रा वि कविलासा जगतपुर | ५८८६८.२५ | १९६२२.७५ | ७८४९१ |
| सर्वोदय मा वि कंचनपुर | ७२८०१२.६२ | २४२६७०.८८ | ९७०६८३.५० |
| रा प्रा वि घोघनपुर सितापुर | ४४१६१.०५ | १४७२०.२५ | ५८८८१.३० |
| रा प्रा वि भोडहा बदगामा ९ | ७५४८९.६० | २५१६३.२० | १००६५२.८० |
| डम्बरदेवी भगवती आ वि ठेलिया | ४०७५२.९० | १३५८४.३० | ५४३३७.२० |
| भगवति रा प्रा वि कन्चनपुर | ४२४६०.५० | १४१५३.५० | ५६६१४ |
| डिहबार रा प्रा वि रुपनगर | ३५६५८.९० | ११८८६.३ | ४७५४५.२० |
| सुन्दरी रा प्रा वि गोरपार | ५१०२४.३० | १७००८.१० | ६८०३२.४० |
| रा मा वि वनरैत टोल कंचनरुप | २७६३३७.२७ | ९२११२.४३ | ३६८४४९.७० |
| मदरसा इस्लामिया प्रा वि महादेवपट्टि | १०४०३७.९० | ४७९८.८० | १०८८३६.७० |
| मदरसा इस्लामिया रुपनगर | १४३९६.४० | ३४६७९.३० | ४९०७५.७० |
| भुवन मा वि ठेलिया ११ | १७३२९१.१७ | ५७७६३.७३ | २३१०५४.९० |
| दलित रा प्रा वि बरमाझिया | ३७२९२.४० | १२४३०.८० | ४९७२३.२० |
| लक्ष्मी ना मा वि वैरवा कंचनरुप १ | २५१०२२.९७ | ८३६७४.३३ | ३३४६९७.३० |
| जामिया इस्लामिया मदरसा घोघनपुर | ६१११८.८५ | २०३७२.९५ | ८१४९१.८० |
| मदरसा कासिमुल उलुम कंचनरुप १ | १४५३५८.७० | ४८४५२.९० | १९३८११.६० |
| मदरसा मुमताज उलुम गोरपार | ३४५१३.२ | ११५०४.४ | ४६०१७.६० |
| जम्मा | ३८१६८६८.७ | १४९१६३४.५ | ५३०८५०३.२० |

| प्रमाण पेश नगरेको | ५३,०८,५०३.२ |
|---|---|

५४.२ **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान-** विद्यालयहरुलाई निम्न शिर्षकबाट वार्षिक रुपमा पाउने विषयगत अनुदानको भुक्तानी दिएको तर लेखापरीक्षणको क्रममा समेत उक्त खर्चको बिल भर्पाइ र प्रतिवेदन पेश नभएकाले विद्यालयहरुले विलअनुसारको खर्च प्रमाण र प्रतिवेदन पेश गर्नुपर्ने रु.

| विद्यालय | बार्षिक विद्यालय सुधार योजना(SIP) | सामाजिक परीक्षण र लेखापरीक्षण खर्च | इन्टरनेट जडान | जम्मा |
|---|---|---|---|---|
| रा प्रा वि बकाल जगतपुर | १५००० | १०००० | १२००० | ३७००० |
| जनता आ वि बदगामा १० | १५००० | १०००० | १२००० | ३७००० |

| | | | | |
|---|---|---|---|---|
| रा प्रा वि प्रिप्रा पूर्व | १५००० | १०००० | १२००० | ३७००० |
| भूकुटि मा वि | २०००० | २०००० | १५००० | ४७००० |
| पब्लिक आधारभूत विद्यालय कंचनपुर | १५००० | १०००० | १२००० | ३७००० |
| शंकर मा वि सुब्बाटोल | २०००० | २०००० | १५००० | ४७००० |
| रा आधारभूत विद्यालय वस्तीपुर | १५००० | १०००० | १२००० | ३७००० |
| आधारभूत वि बरमाझिया कंचनरुप ३ | १५००० | १०००० | १२००० | ३७००० |
| शंकर उ मा वि भगवतपुर काष्ठमहल | २०००० | २०००० | १५००० | ४७००० |
| भगवति रा पा पथरी | १५००० | १०००० | १२००० | ३७००० |
| दुर्गा आधारभूत विद्यालय गोरपार | १५००० | १०००० | १२००० | ३७००० |
| रा आ वि जगतपुर | १५००० | १०००० | १२००० | ३७००० |
| रा प्रा वि घोघनपुर जमुवा | १५००० | १०००० | १२००० | ३७००० |
| रा प्रा वि कविलासा जगतपुर | १५००० | १०००० | १२००० | ३७००० |
| सर्वोदय मा वि कंचनपुर | २०००० | २०००० | १५००० | ४७००० |
| रा प्रा वि घोघनपुर सितापुर | १५००० | १०००० | १२००० | ३७००० |
| रा प्रा वि भोडहा बदगामा ९ | १५००० | १०००० | १२००० | ३७००० |
| डम्बरदेवी भगवती आ वि ठेलिया | १५००० | १०००० | १२००० | ३७००० |
| भगवति रा प्रा वि कन्चनपुर | १५००० | १०००० | १२००० | ३७००० |
| डिहबार रा प्रा वि रुपनगर | १५००० | १०००० | १२००० | ३७००० |
| रा ज प्रा वि रघुनाथपुर रुपनगर ८ | १५००० | १०००० | १२००० | ३७००० |
| सुन्दरी रा प्रा वि गोरपार | १५००० | १०००० | १२००० | ३७००० |
| रा मा वि वनरैत टोल कंचनरुप | २०००० | २०००० | १५००० | ४७००० |
| मदरसा इस्लामिया प्रा वि महादेवपट्टि | १५००० | १०००० | १२००० | ३७००० |
| मदरसा इस्लामिया रुपनगर | १५००० | १०००० | १२००० | ३७००० |

| | | | | |
|---|---|---|---|---|
| भुवा मा वि ठेलिया ११ | २०००० | २०००० | १५००० | ४७००० |
| महेन्द्र ज मा वि बलुवा सीतापुर | २०००० | २०००० | १५००० | ४७००० |
| दलित रा प्रा वि बरमाझिया | १५००० | १०००० | १२००० | ३७००० |
| लक्ष्मी ना मा वि वैरवा कंचनरुप १ | २०००० | २०००० | १५००० | ४७००० |
| जामिया इस्लामिया मदरसा घोघनपुर | १५००० | १०००० | १२००० | ३७००० |
| मदरसा कासिमुल उलुम कंचनरुप १ | १५००० | १०००० | १२००० | ३७००० |
| मदरसा मुमताज उलुम गोरपार | १५००० | १०००० | १२००० | ३७००० |
| मदरसा निजमिया मिफताउल उलुम घोघनपुर | १५००० | १०००० | १२००० | ३७००० |
| जम्मा | | | | १३०१००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,०१,००० |

५४.३ **बढी दिवा खाजा भुक्तानी-** क्रियाकलाप नं. २.७.११.१ अनुसार पालिकाले पहिलो त्रैमासिक बापत इमिसको डाटा अनुसार दिवा खाजा रकम निकासा गर्नुपर्ने र दोस्रो किस्ता विद्यालयमा दिवा खाजा भौतिक रुपमा चलेको दिन विद्यार्थी संख्या व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकले बास्तविक संख्या यकिन गरी मात्र दोस्रो त्रैमासिक निकासा गर्ने व्यवस्था छ। तर पालिकाले त्रैमासिक रुपमा नगरी विद्यालयको प्रधानाध्यापकको हाजिरी प्रमाणीकरणको आधारमा दिवा खाजा निकासा गरेको छ। नमुना छनौटको आधारमा IEMIS को संख्या भन्दा बढि विद्यार्थी संख्या राखि भुक्तानी गरेकोले बढि विद्यार्थी संख्या बापत असुल हुनुपर्ने रु.

| विद्यालय | कक्षा | IEMIS अनुसार विद्यार्थी सं. | पेश विद्यार्थी सं. | दिवा खाजा सञ्चालन दिन | दर | बढी संख्या | रकम |
|---|---|---|---|---|---|---|---|
| मदरसा मुमताज उलुम गोरपुर | बालविकास | १३ | १५ | ७९ | १५ | २ | २३७० |
| | १ | ३७ | ४५ | ७९ | १५ | ८ | ९४८० |
| मदरसा कासिउलुम कंचनरुप १ | बालबिकास | ५१ | १५५ | ८१ | १५ | १०४ | १२६३६० |
| | १ | ४५ | ४९ | ८३ | १५ | ४ | ४९८० |
| | २ | २५ | ५१ | ८३ | १५ | २६ | ३२३६० |
| जम्मा | | | | | | | १७५५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७५,५५० |

५४.४ **प्रति विद्यार्थी अनुदान-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चको विलभरपाइ सहितको लेखा राखुपर्ने व्यवस्था छ ।निम्न विद्यालयहरुलाई बाल विकास प्रति विद्यार्थी लागत अनुदान अन्तर्गत १७ वटा विद्यालयलाई कक्षा १-५ का लागि Book Corner व्यवस्थापन, कक्षा ६-१२ का लागि शिक्षण सिकाई सामाग्री व्यवस्थापन अनुदान दिएकोमा अनुदान सदुपयोग को अनुगमन प्रतिवेदन सहितको बुक कर्नर खरीद जडान बापतको बिल र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| विद्यालय | रकम |
|---|---|
| रा प्रा वि बकाल जगतपुर | ४३९५० |
| जनता आ वि बदगामा १० | ६०४५० |
| रा प्रा वि प्रिप्रा पूर्व | ३५१०० |
| भृकुटि मा वि | १०५४५० |
| पब्लिक आधारभूत विद्यालय कंचनपुर | ७३८५० |
| शंकर मा वि सुब्बाटोल | १००२०० |
| रा आधारभूत विद्यालय वस्तीपुर | २२२५० |
| आधारभूत वि बरमाझिया कंचनरुप ३ | ८१८५० |
| शंकर उ मा वि भगवतपुर काष्ठमहल | २१७७०० |
| भगवति रा पा पथरी | ५४१५० |
| दुर्गा आधारभूत विद्यालय गोरपार | ५००५० |
| रा आ वि जगतपुर | ६४२५० |
| रा प्रा वि घोघनपुर जमुवा | २१७०० |
| रा प्रा वि कविलासा जगतपुर | ३३४५० |
| सर्वोदय मा वि कंचनपुर | २९२८०० |
| रा प्रा वि घोघनपुर सितापुर | २५९०० |
| रा प्रा वि भोडहा बदगामा ९ | ४११०० |
| डम्बरदेवी भगवती आ वि ठेलिया | १७५०० |
| भगवति रा प्रा वि कन्चनपुर | २१७०० |
| डिहबार रा प्रा वि रुपनगर | २१७०० |

| | |
|---|---|
| रा ज प्रा वि रघुनाथपुर रुपनगर ८ | १३८५० |
| सुन्दरी रा प्रा वि गोरपार | ३०५५० |
| रा मा वि वनरैत टोल कंचनरुप | ११७६०० |
| मदरसा इस्लामिया प्रा वि महादेवपट्टि | ६०१५० |
| मदरसा इस्लामिया रुपनगर | ७४०० |
| भुवन मा वि ठेलिया ११ | ७०३५० |
| महेन्द्र ज मा वि बलुवा सीतापुर | १९७८५० |
| दलित रा प्रा वि बरमाझिया | २६३०० |
| लक्ष्मी ना मा वि वैरवा कंचनरुप १ | १०३२०० |
| जामिया इस्लामिया मदरसा घोघनपुर | ३१५०० |
| मदरसा कासिमुल उलुम कंचनरुप १ | ६९९०० |
| मदरसा मुमताज उलुम गोरपार | २०२०० |
| मदरसा निजमिया मिफताउल उलुम घोघनपुर | १४००० |
| जम्मा | २१,४७,९५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,४७,९५० |

### ५४.५ गुनासो सुनुवाई कार्यक्रम-

*........... (प्रारम्भिक प्रतिवेदन उपर मसौंल वितरणको भर्पाइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु.१,११,३७५।- सम्परीक्षण गरिएको।)*

### ५५ कार्यालय समाग्री खरिद-

*........... (प्रारम्भिक प्रतिवेदन उपर सामाग्रीको जिन्सी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२६ मा रु.२,७६,०००।- सम्परीक्षण गरिएको।)*

### ५६ विद्यार्थी संख्या फरक

श्री पब्लिक आधारभूत विद्यालय कंचनपुर ४ लाई भाद्र-पुस महिना सम्म ५ महिनाको रु. ५१६९७५ दिवा खाजा निकासा गरेको छ।सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

५६.१ **विद्यार्थी संख्या-** विद्यालयले दिवा खाजा का लागि पेश गरेको विद्यार्थी संख्या वास्तविक हाजिरी भन्दा धेरै संख्या राखेको र विद्यालयको बास्तविक हाजिरी खातामा नाम नभएको विद्यार्थीको नाम समेत राखि दिवा खाजा माग गरी भुक्तानी लिएको देखिन्छ। विद्यालयको बास्तविक हाजरी माग गर्दा बास्तविक हाजिरी, दिवा खाजाको लागि पेश हाजिरी र IEMIS अनुसार बालबिकास देखि कक्षा ६ सम्म विद्यार्थी संख्या निम्नअनुसार रहेको छ।

| कक्षा | बास्तविक हाजिरी खाता अनुसार विद्यार्थी संख्या | दिवा खाजाको लागि पेश हाजिरी खाता वि.सं. | IEMIS अनुसार विद्यार्थी संख्या |
|---|---|---|---|
| बालबिकास | ४० | ४० | ६६ |
| १ | ३८ | ४९ | ४ |
| २ | ३३ | ४९ | २ |
| ३ | ३० | ५० | ८ |
| ४ | २८ | ४९ | ९ |
| ५ | २८ | ४१ | ४१ |
| ६ | ३२ | ३९ | ४३ |
| जम्मा | २२२ | ३१७ | १७३ |

सैद्धान्तिक बेरुजु

५६.२ **उपस्थिती-**

*(प्रारम्भिक प्रतिवेदनमा ईमिश अनुसार रु. ४,३५,७९५। असुल कायम गरिएकोमा पालिकाबाट ईमिश अपडेट गरी प्रमाणित गरी प्रतिक्रियाबाट सम्परीक्षणको लागि प्रमाण पेश भएकोले पुनः उक्त विद्यालयको बास्तविक हाजिरी अनुसार उपस्थिति संख्या कायम गरी मिति २०८०।१।२६ मा रु.२२१४० बढि ईमिश अनुसार हुन गएको बेरुजु रकम सम्परीक्षण गरी बाँकी बढी हुन आउने रकम रु ४,१३,६५५ बास्तविक हाजिरी अनुसार सम्परीक्षणबाट थप बेरुजुमा कायम गरिएको छ।)*

५६.३ श्री पब्लिक आधारभूत विद्यालय कंचनपुर ४ लाई दोस्रो किस्ता दिवा खाजा रकम रु. २२९२६० खर्च लेखेको छ।लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा पहिलो किस्ता बापत १७५-१/२१ मा उक्त

विद्यालयले वास्तविक भन्दा फरक हाजिरी पेश गरी बढि भुक्तानी लिएकोले दोस्रो किस्ताबापतको दिवा खाजा रकमको सहि सदुपयोग भए नभएको, वास्तविक भन्दा फरक हाजिरीको आधारमा दिवा खाजा लिएको भए बढि रकम सम्बन्धित विद्यालयको शिक्षकबाट पालिकाले असुल गरी कोष दाखिलाको प्रमाण पेश गर्नुपर्ने, पालिकाले दोस्रो किस्ताको सहि सदुपयोग भए नभएको यकिन गरि प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,२६० |

५६.४ पालिकाले वर्ष भरी अन्य भौचरबाट उक्त विद्यालयलाई भुक्तानी दिएको परिक्षण गरी इमिसको आधारमा बढि हुन आउने रकम सम्बन्धित पालिकाले असुल गर्नुपर्दछ। साथै पालिकाको शिक्षा शाखाबाट अनुगमन गर्नुपर्नेमा कुनै अनुगमन नगरेको, पेश भएका हाजिरीको परीक्षण नगरेको देखिन्छ। शिक्षा शाखा तथा पालिकाबाट यसरी फरक हाजिरी पेश गरी दिवा खाजा भुक्तानी लिने अन्य विद्यालयको पहिचान गरी बढि भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गराई सरकारी रकमको दुरुपयोग रोक्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६.५ **अनुगमन-** पालिकाको शिक्षा शाखाले एकमुस्ट शिक्षा तर्फका श्रेस्ता पेश नगरी फरक फरक दिनमा श्रेस्ता पेश गरेको ले लेखापरीक्षणको क्रममा एकमुस्ट तुलनात्मक रुपमा श्रेस्ताहरुको परीक्षण गर्न सकिएन। पालिकाले पाठ्यपुस्तक, छात्रबृत्ति, शैक्षिक अनुदान, दिवा खाजा कार्यक्रमहरुको अनुगमन गरी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तोकेको दर भन्दा बढि अनुदान निकासा भएमा विद्यालयहरुबाट बढि रकम असुल गरी कोष दाखिला गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५७ शिक्षा तर्फ

५७.१ **तलब निकासा-** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ ३३ वटा विद्यालयलाई रु.११,३१,२३,५९१.०६ तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलबि प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दि बमोजिमको

निकासा भिडान गर्न सकिएन। तलवि प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.२ **परीक्षा व्यवस्थापन-** पालिकाको कक्षा १ देखि ९ कक्षा सम्म परिक्षा व्यवस्थापनको लागि न्यु सरस्वती पुस्तक भण्डार एण्ड अफसेट छापाखाना बाट प्रश्न पत्र, प्रवेश पत्र र उत्तरपुस्तिका छपाईको लागि दररेट मागको आधारमा रु. ६०१६५० खर्च लेखेको छ। उक्त खरिदको लागि विद्यालयहरुबाट विद्यार्थी संख्या अनुसार माग फारम, कार्यालय प्रमुखबाट खरिद आदेश, दाखिला प्रतिवेदन र खरिद भए पश्चात विद्यालयहरुलाई हस्तान्तरण भएको प्रमाण पेश गरेको छैन। खरिद गरिएका सामानको दाखिला नहुँदा सो सामान आएकै हो भनि यकिन गर्न सकिएन । खरिद गरिएका परिक्षा सामग्री को लागि बिधालय बाट गरिएको माग फारम, जिन्सी दाखिला तथा बिधालयले बुझेको भरपाई कागजात पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,०१,६५० |
|---|---|

५७.३ **श्रेस्ता पेश नभएको-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तिय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। स्थलगत लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा समेत निम्न बमोजिमको खर्चका श्रेस्ता एवं गोश्वारा भौचर साथ खर्चलाई पुष्टयाई गर्ने बिल भरपाई पेश भएन। पेश भएको भौचरमा बैङ्क सिट र खर्च पुष्टयाइ गर्ने बिल भर्पाई नरहेकोले खर्चको श्रेस्ता पेश गरी लेखापरीक्षणकोलागी पेश हुनुपर्ने रु.

| भौ च नं मिति | शिर्षक | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३१३-३/२२ | छात्रवृति कार्यक्रम | विद्यालयहरु | २१४५६०० |
| ३४३-३/२४ | छात्रवृति कार्यक्रम | विद्यालयहरु | २८१४०० |
| ८९६/३-२३ | कक्षा ८ परीक्षा व्यवस्थापन | ललित नारायण यादव | १४०५२४ |
| ८८८/३-२३ | कक्षा ८ परीक्षा व्यवस्थापन | ललित नारायण यादव | १५८७०० |
| ३०२-३/१९ | एकिकृत पाठ्यक्रम सम्बन्धी शिक्षकलाई तालिम कार्यक्रम | नारायण यादव | १६७३४३ |
| जम्मा | | | २८९३५६७ |

| प्रमाण पेश नगरेको | २८,९३,५६७ |
|---|---|

५७.४ **बढी तलब निकासा-** निम्न विद्यालयलाई माग गरिएको तलब भन्दा बढी तलब निकासा गरीएकोले बढी

तलब बापत असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालय | तलब | माग | निकासा | बढी |
|---|---|---|---|---|
| रा ज प्रा वि गोरपुर | पहिलो त्रैमासिक | १२८२०० | २०४७९० | ७६५९० |
| जम्मा | | | | ७६५९० |

*(प्रारम्भिक प्रतिवेदन उपर सर्वोदय मा वि को बढि तलब असुल प्रमाण पेश भएको आधारमा मिति २०८०।१।४ मा रु १,६८,८८६।- सम्परीक्षण गरिएको।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,५९० |

५७.५ **शैक्षिक सामाग्री खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलावद्ध राख्नु पर्ने र त्यस्ता बिल कागजात लाई खर्च स्वीकृत गर्ने अधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा विपदको समयमा सिकाइ निरन्तरता शिर्षकबाट कक्षा १-८ सम्मको पुस्तकहरु cusive writing, step by step र अन्य पाठ्यक्रम खरिद भनि दररेट माग वेगर सोझै रु.४९९६५० मा मिथिला जेनेरल सप्लायर्स लाई खर्च लेखेको छ।सो पुस्तक खरिदका लागि बिधालयहरु बाट माग आएको देखिएन भने खरिद गरिएका पुस्तक जिन्सी दाखिला र बिधालयहरुलाई हस्तान्तरण गरेको प्रमाण समेत संलग्न गरिएको छैन। मिथिला जेनेरल सप्लायर्स ले पेश गरेको बीजक समेत फोटोकपि रहेकोले सो बीजक अन्यत्र प्रयोग नभएको भनि सुनिस्चित हुन सकिएन।सम्बन्धित आपुर्तिकर्ताको सक्कल बील, कार्यालयको दाखिला प्रतिबेदन, बिधालय को जिन्सी खाता दाखिला लगायतका प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,६५० |

## ५८ कृषि तथा पशु अनुदान तर्फ

५८.१ **भैसि प्रबर्द्धन कार्यक्रम-** दुग्ध मिशनका लागि भनि पालिकाले भैसि प्रबर्द्धन कार्यक्रम अन्तर्गत एकीकृत कृषी तथा पशुपंक्षी फार्म लाई ५० प्रतिशत अनुदान रु.१२,००,००० खर्च लेखेको छ। विभिन्न जिल्लाको विभिन्न १३ व्यक्ती संग १३ वटा क्रस मूर्रा भैसि खरिद गरी हाते बिल र भर्पाई पेश गरेको छ। भैसि प्रबर्द्धन मा सहभागिताको लागि सूचना प्रकाशनमा ६ वटा कृषक समूह तथा फार्महरुले दिएको निवेदनमा निजी कृषी फार्म एकिकृत कृषी तथा पशुपंक्षी फार्मलाई पालिकाले छनौट गरेको छ। श्रेस्ता साथ भैसिहरु मुर्रा क्रस भनिएको तर खरिद गरिएको भैसिहरुको शुद्धता परिक्षणको रिपोर्ट नभएकाले क्रस मुर्रा हो भनि सुनिस्चित हुन सकिएन।कार्यक्रममा सहभागी हुनलाई पालिकाले सूचना गर्दा फर्मको लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने भनिएकोमा छनोट भएको फर्मले लेखापरीक्षण प्रतिवेदनका अलावा पूंजी तथा आयव्यय विवरण, वार्षिक रोजगारी सिर्जना गर्ने क्षमता खुल्ने विवरण, भैसी प्रवर्धन गर्न के कति

जग्गा छ भन्ने यकिन हुने विवरण लगायतका कागजात पेश गरेको देखिदैन।खरिद गरिएका भैसी व्यवसायिक फार्म बाट खरिद नगरी बिभिन्न व्यक्ति बाट खरिद गरिनुको कारण खुलाइएको देखिएन।कृषि जन्य अनुदानमा अधिकतम ५० प्रतिशत अनुदान दिन सकिनेमा पालिकाले नै शत प्रतिशत खर्च व्यहोरी औषधी खरिद गरि फार्मलाई रु.१,४९,९७२ बराबरको औषधी निशुल्क वितरण गरेको देखियो।नियमावली बमोजिम सम्बन्धित फार्मको ५० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्नेमा सो नदेखिएकोले सो बापतको रकम सम्बन्धित फार्म संग असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,९८६ |

५८.२ **नयाँ धान पकेट निर्माण-** कार्यालयले नयाँ धान पकेट निर्माण का लागि जोगी बाबा कृषक समूहलाई ५० प्रतिशत अनुदान बापत हुन आउने रकम रु.११,४६,००० खर्च लेखेको छ। पालिकाले पकेट निर्माणको लागि गरेको सूचना श्रेस्तासाथ पेश नभएकाले कृषि शाखा प्रमुखलाई सोधपुछ गर्दा १ वटा मात्र पकेटमा सहभागिताको लागि निवेदन दिएको र छनौट गरेको उल्लेख गरेको छ।पालिका र जोगि बाबा समूह बीच असाढ १ गते सम्झौता भएको छ। १० वटा इन्डियन समरसिवल मोटर, पिभिसी पाइप, स्यालो ट्युवेल तथा अन्य सिँचाइ सामाग्री खरिद र जडान बापत ८५ प्रतिशत अनुदान बापत हुन आउने रकम रु. ८,२८,७०० खर्च लेखेको छ। साथै पावर ट्रेलर स्प्रेयर, लाभग्राही तालिम बापत ५० प्रतिशत अनुदान बापत रु. ८,९५,३०० समेत एकमुष्ट रु. १७,२४,००० खर्च लेखेको छ।वडा नं १० मा १० वटा समरसिवल बोर्डिङ जडान बापत जडानको लागत अनुमान (DetailEstimate) रु. ७,७८,५५० तयार गरेको छ,जसमध्ये लाभग्राहीले रु.१,१३,७९० र पालिका बाट रु.६,६४,७६० व्यहोर्ने भनिएको छ श्रेस्ता साथ जडानको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन।पालिका बाट पनि अनुदानको सदुपयोग भए/नभएको बारे अनुगमन गरेको प्रमाण संलग्न गरेको देखिएन ।सम्झौता बमोजिम कार्य सम्पन्न भएको सुनिस्चितताका लागि ट्युबबेल जडानको कार्यसम्पन्न प्रतिवेदन र पालिका बाट भएको अनुगमन प्रतिबेदन पेश गर्नुपर्नेरु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७८,५५० |

५८.३ **करार पदपूर्ति-** एक पालिका एक कृषि स्नातक करार पदपूर्ति गर्नको लागिएक छैठौ तहको कृषि अधिकृतलाई नियुक्ती गर्नको लागि पालिकामा १० पटक बैठक बसि बैठक भत्ता रु.६४००० र विविध खर्च रु.२०५०० समेत रु. ८४५०० खर्च लेखेको छ।त्यसै गरी एक पशु चिकित्सक (छैठौ स्तर) करार पदामा नियुक्ति गर्न मात्र ३ पटक बैठक बसेर नियुक्ती दिएको छ।समान पदका लागि एकमा १० पटक र एकमा ३ पटक मात्र `बैठक बसेको देखियो । कार्यालयमा बैठक बस्दा एजेन्डा सहित किफायति ढंगले बस्नुपर्ने हुन्छ । पालिकाले यस्ता खर्च औचित्यका आधारमा मात्र बैटक बसी खर्च लेख्ने तर्फ ध्यान दिनु पर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८.४ **भैसि पकेट कार्यक्रम-** पालिकाले नयाँ भैसि पकेट विकासको लागि ५० प्रतिशत अनुदान बापत रु.२०,००,००० दुर्गा लक्ष्मी गाई भैसी फर्म लाई खर्च लेखेको छ।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को ४.१.४ अनुसार साना व्यवसायिक उत्पादन अन्तर्गत तराई क्षेत्रमा भैसि पकेट संचालनका लागि भैसिको उन्नत संख्या १०० र स्थानीय/वर्णशंकर संख्या २०० हुनुपर्ने उल्लेख छ।पालिकाले दुर्गा लक्ष्मी गाई भैसि पकेट संचालनको लागि सिरहा र सप्तरीको विभिन्न १२ कृषकहरुबाट २४ भैसि खरिद गरेको देखिन्छ।खरिद गरिएका भैसि क्रस मुर्रा भैसि भनिएको तर कति प्रतिशत क्रस मुर्रा भैंसि भनि शुद्धताको प्रमाण पेश गरेको छैन।भैसि पकेट संचालनको लागि कृषक समूह संग कम्तिमा २०० भैंसि हुनुपर्ने भनिएकोमा कृषक समूह संग रहेको भैसी संख्या को प्रमाण संलग्न देखिएन। स्थलगत अनुगमनमा जाँदा गोठमा ३० भैंसि मात्र रहेको र २०० भैंसी अट्ने स्थान र क्षमता समेत देखिएन ।अनुदानमा पाएका २४ र अन्य ३ गरी २७ भैंसीको पशु बीमा गरेको देखियो तर सो ट्याग भैंसी को कानमा लगाइसकेको देखिएन।कार्यविधि बमोजिम छनोटका लागि तय गरिएका आधार र सो बमोजिम गरिएको मुल्यांकनका निर्णय र छनोट भएका फार्मले आधार पुरा गरेको प्रमाण कागजात पेश गर्नेपर्ने रु.

| प्रमाण पेश नगरेको | २०,००,००० |
|---|---|

५८.५ भैसि प्रबर्द्धन र भैसि पकेटको लागि भनि औषधी खरिद रु.२,९९,९४५ खर्च लेखेको छ।अनुदानमा ५०% सम्बन्धित फार्मले सहभागिता व्यहोर्नु पर्नेमा औषधी खरिदमा शत प्रतिशत पालिकाले व्यहोरी दुर्गा लक्ष्मी गाई भैसी फर्मलाई रु.१,४९,९७२ लागतको औषधी निशुल्क दिएको देखिन्छ। कार्यविधि बिपरित लागत सहभागिता अंश बेगर गरिएको खर्च नियम संगत देखिदैन ।सम्बन्धित फार्म संग सहभागिता बापतको ५०% ले हुन आउने रकम रु. ७४,९८६ असुल गर्ने रु.

| असुल गर्नुपर्ने | ७४,९८६ |
|---|---|

## ५९ कृषि अुनदान

५९.१ **पकेट निरन्तरता-** आ.व.२०७८/७९ मा स्थापित धानबाली पकेट निरन्तरता अन्तर्गत बनरैत बहुउद्धेश्य कृषि फार्म लाई अनुदान बापत रु.२,७०,३०५ खर्च लेखेको छ। पकेट निरन्तरता अन्तर्गत २ वटा समरसिवल बोरिङ जडानको लागि detail cost estimate रु.१,५५,७१० लेखेकोमा समरसिवल मोटर जडान भएको प्रामाणित गर्ने प्राबिधिक कागजात संलग्न नरहेकोले जडान भएको भनि यकिन गर्न सकिएन ।जडान भएको कार्यको प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,५५,७१० |
|---|---|

५९.२ **गहुको बिउ खरिद-** पालिकाले गहुँको विउ वितरणको लागि १०० प्रतिशत रु. ८,६४,००० को गहुँको बिउ खरिद गरि खर्च लेखेको छ। उक्त बिउ वितरण गरी लाभग्राहीबाट ५० प्रतिशत लागत सहभागिता बापत रु.४,३२,००० गाउँपालिकको कोषमा दाखिला गरेको बैङ्क स्टेटमेन्ट पेश गरेको छ। बैङ्क स्टेटमेन्टमा धानखरिदमा लागत सहभागिताको रकम भनि व्यहोरामा नखुलेको बैङ्क दाखिलाको भौचर पेश नभएकोले धान खरिदकै जम्मा हो भनि यकिन हुन सकिएन। बैङ्क दाखिलाको भौचर पेश हुनुपर्दछ। साथै संघीय सरकार तर्फको खर्च असुल भइ दाखिला गर्दा संघीय संचितकोष दाखिला गर्नुपर्नेमा नगरपालिका कोषमा दाखिला गरेकोले न पा कोष बाट संघिय संचित कोषमा शोधभर्ना गर्नुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | ४,३२,००० |

५९.३ **लम्की स्कीन रोग नियन्त्रण कार्यक्रम-**

........... *(प्रारम्भिक प्रतिवेदन उपर औषधी विरतणको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।६ मा रु. १,००,०००।- सम्परीक्षण गरिएको।)*

५९.४ **अनुदानको अनुगमन-** कार्यालयले विभिन्न कृषक समुहहरुलाई अनुदान उपलव्ध गराउँदा जुन प्रयोजनको लागी अनुदान उपलव्ध गराएको हो सो प्रयोजनमा खर्च भए नभएको निरन्तर अनुगमन गर्नुपर्दछ। कार्यालयले निम्नानुसार कृषि अनुदान उपलब्ध गराएकोमा उद्देश्य अनुरुप खर्च भएको छ, छैन भनि अनुगमन गरेको प्रमाण पेश नगर्दा सो खर्च उदेश्य अनुरुप भएको भनि सुनिस्चित हुन सकिएन। पालिकाले वितरण गरेका अनुदानको उपयोग अवस्था चित्रण गर्ने गरी नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| भौ नं | विवरण | अनुदानको अनुपात | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| २८३-३/१८ | धान वितरण | ५० प्रतिशत | सोनाई विज भण्डार | १४५७५५२ |
| ५६-८/९ | गहुँको विउ वितरण | ५० प्रतिशत | कृषि सामाग्री कम्पनी लिमिटेड | ४३२००० |
| जम्मा | | | | १८८९५५२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **चिलिङ सेन्टर स्थापना**

६०.१ पालिकाले चिलिङ सेन्टर(दुग्ध मिशन) स्थापनाको लागि धन्जु कृषी सहकारी संस्था लिमिटेड लाई रु.१३,९६,५०० भुक्तानी गरेको छ। कार्यक्रमको स्विकृत लागत अनुमान जम्मा एकमुस्ट रु.

१६,९७,००० रहेको, जसमा पालिकाबाट ८०% लागत व्यहोर्ने उल्लेख छ। स्विकृत कार्यक्रम अनुसार पालिकाबाट चिलिंग सामग्री खरिद को लागत रु.१६,९७,००० को ८०% हुन आउने रकम रु.१३,४९,६०० अनुदान दिनुपर्नेमा पालिकाले रु.४६,९०० बढी भुक्तानी गरेको छ। कार्यविधि अनुसार भुक्तानी हुनुपर्ने रकम भन्दा बढि भुक्तानी भएको रु.४६९०० सम्बन्धित सहकारीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,९०० |

६०.२ मधेश प्रदेश कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७ को दफा ७ मा मिल्क एनालाइजर, आइस प्लान्ट(cold room) का लागि अधिकतम ५० प्रतिशत सम्म अनुदान दिन सकिने उल्लेख छ। कार्यक्रमको लागि इलेक्ट्रिक रिक्सा दुध ढुवानीका लागि रु.३,००,५८०, chest refrigarator रु.९०,०००, chilling vat milk analyzer, ceam seperator रु.१०,०६,९९९ र चिलिङ सेन्टर निर्माणको लागि रु.३,३९,५७४ खर्चको बिल पेश गरेको छ। खरिद गरिएका सामाग्री प्राविधिक स्फेशिफिकेशन अनुसार भए नभएको भनि प्राविधिक बाट जाचँ पास रिपोर्ट र मुचुल्का पेश गरेको छैन। मिल्क एनालाइजर र कोल्ड रुम रु.७,०९,९९९ मा खरिद गरि खर्च लेखेको छ। पालिकाबाट ८० प्रतिशत अनुदान प्रदान गरेकाले कार्यविधि अनुसार ५० प्रतिशत मात्र पाउने भएकाले बढि अनुदान बापत ३० प्रतिशत हुन आउने रकम रु.२,१२,९९९ सम्बन्धित सहकारीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१२,९९९ |

६०.३ मधेश प्रदेश कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७ को दफा ७ मा चिलिङ्ग भ्याट (५०० लिटर), क्रिम सेपेरेटर जस्ता सामग्रीमा अधिकतम ७५ प्रतिशत सम्म अनुदान दिन सकिने उल्लेख छ। चिलिङ भ्याट र क्रिम सेपेरेटर खरिद बापत रु.३,०१,५५० खर्च लेखी पालिकाले ८० प्रतिशत हुन अनुदान प्रदान गरेकोले कार्यविधि अनुसार ५ प्रतिशत बढि अनुदान रकम बापत हुन आउने रकम रु.१५०७८ बढि अनुदान सम्बन्धित बाट असुल रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०७८ |

६१ **विद्यालय सञ्चालन अनुदान-** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा रहेको स्थानीय तहको काम कर्तव्य तथा अधिकार अन्तर्गत दफा ११(ज)मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार अन्तर्गत राखेको देखिन्छ, सोहि बमोजिम स्थानीय तहले आधारभूत र माध्यमिक शिक्षामा आफ्नो स्रोत परिचालन गर्नु पर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार सामुदायिक क्याम्पसको रुपमा रहेको रुपनगर नन्दराज संग्रौला क्याम्पस लाई संचालन अनुदान भनी नगद रु.१५,००,००० र कम्प्युटर लगायतका सामग्री समेत अनुदान दिएको देखियो । पालिकाले आफ्नो स्रोत क्याम्पसमा परिचालन गर्नु सट्टा आफ्नो अधिकार र जिम्मेबारी भित्र पर्ने आधारभूत तथा माध्यमिक शिक्षा तर्फ परिचालनमा जोड दिनु पर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४० मा कुनै संघ संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो

कामको लक्ष्य अनुसार खर्च गरे नगरेको, त्यस्तो रकमको कानून बमोजिम लेखापरीक्षण भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ । क्याम्पसले सो बमोजिमको कार्यप्रगति र लेखापरीक्षण प्रतिबेदन पेश नगरेकोले सो अनुदान उद्देश्य अनुरुप खर्च गरेको भनि यकिन गर्न सकिएन। सम्बन्धित क्याम्पस बाट निकाशा गरिएको अनुदान रकमको कार्य प्रगति र लेखापरीक्षण प्रतिबेदन माग गरि पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

६२ **गैर सरकारी संस्था मार्फत खरिद कार्य-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम सबलीकरण अभिमुखीकरण जस्ता कार्य मात्र गैर सरकारी संस्था बाट गराउन सकिने व्यवस्था छ । पालिकाले देहायको सामग्री खरिद गैर सरकारी संस्था मार्फत गरेको नियम संगत मान्न सकिन्न । पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिमको प्रक्रिया मार्फत खरिद कार्य गर्नु पर्दछ ।

| गो भौ | गै.स.स. | सामान | रकम |
|---|---|---|---|
| १३० | दलित विकास केन्द्र | भाडा तथा पूजा सामग्री | रु.१५०००० |
| १२९ | दलित विकास केन्द्र | साडी | रु.२००००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **जिन्सी दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा कार्यालयले आफुले खरिद गरेको वा अन्य कुनै माध्यम बाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पतिको लेखा, खरिद मूल्य, स्पेशिफिकेशन लगायतका विवरण खुल्ने गरी राख्नु पर्ने र ति अभिलेख खर्च भएर जाने र खर्च भएर नजाने छुट्टा छुट्टै खातामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । त्यसैगरी नियम ९५ मा कार्यालयलाई खरिद गरी वा हस्तान्तरण भई आएका सम्पति तथा जिन्सी को विवरण जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा पेश भएका फाइल हरुमा नियमावली बमोजिम खरिद भएका सबै मालसामान हरुको जिन्सी दाखिला गरी अभिलेख अधावधिक गरेको देखिएन । पालिकाले जिन्सीको वार्षिक विवरण लेखापरीक्षण क्रममा पेश नगर्दा खरिद गरिएका मालसामान पालिकामा आएको भनि आश्वस्त हुन सकिएन । पालिकाले खरिद गरी वा अन्य निकाय बाट हस्तान्तरण भई आएका सम्पति तथा जिन्सी मालसामान समय मै तोकिएको ढांचामा अभिलेख राख्ने र सो को लगत तयार गर्नुका साथै तिनको सुरक्षा, संरक्षण एवम् उपयोगिता प्रति सम्बन्धित लाई जिम्मेबार बनाउनु पर्दछ । लेखापरीक्षण क्रममा नमूनाका आधारमा पेश भएका फाइलहरु मध्ये जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेका देहायका खरिदको जिन्सी दाखिला प्रतिवेदन तोकिएको ढाँचामा पेश गर्नु पर्ने रु.

*(प्रारम्भिक प्रतिवेदन उपर आर्य जेनी स्टोर्सको जिन्सी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ८३,०००।- सम्परीक्षण गरिएको।)*

| प्रमाण पेश नगरेको | ३३,६८,७४४ |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **लाभग्राही छनोट-** पालिकाले कृषि तथा पशु शाखाबाट विभिन्न कार्यक्रमहरु संचालन गर्दा ५०% देखि १००% सम्म अनुदानमा कार्यक्रम संचालन गर्ने गरेको छ ।पालिकाले लाभग्राही छनोट गर्दा निश्चित मापदण्ड र आधार तय गरेको देखिएन, जसले गर्दा वितरित अनुदान वास्तविक लाभग्राही ले नै पाएको भनि यकिन गर्न सकिएन । निश्चित मापदण्ड नबनाई गरिने वितरणमुखी कार्यक्रममा बास्तविक भन्दा पहुँचवालाले हालीमुहाली गर्ने जोखिम रहन्छ।लेखापरीक्षणको क्रममा पेश भएको भरपाईमा सामग्री/अनुदान प्राप्त गर्नेको पहिचान खुल्ने कुनै प्रमाण विना नाम र ल्याप्चे तथा हस्ताक्षर गरेको भरपाई पेश भएको देखिन्छ। नाम तथा परिचयपत्र नम्वर र सम्पर्क नम्वर उल्लेख गरेर आवश्यकताको आधारमा वितरण गरेको पाईएन। पालिकाले लाभग्राही छनोट सम्बन्धी स्पष्ट मापदण्ड र कार्यविधि बनाई यस्ता कार्यक्रमहरु व्यवस्थित,विश्वसनीय तथा पारदर्शी बनाउन जोड दिनु पर्दछ । लेखापरीक्षण क्रममा नमूनाका आधारमा पेश भएका फाइलहरु मध्ये अनुदानमा संचालित केहि कार्यक्रमका उदाहरणहरुः

| गो भौ | कार्यक्रम | अनुदान प्रतिशत | खर्च रकम (पालिका अंश) |
|---|---|---|---|
| ३४५/०७९-११-१४ | तरकारी बिउं अनुदान | ५०% अनुदान | रु.३५२६४० |
| ३४८/०७९-११-१४ | तरकारी बिउं अनुदान | ५०% अनुदान | रु.१७१०३० |
| ८७८/०८०-०३-२२ | मिनी टिलर | ५०% अनुदान | रु.८५१५०० |

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **जिन्सी निरीक्षण-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर जिन्सी निरीक्षण प्रतिवेदन प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा सम्परीक्षण गरिएको।)*

६६ **भ्रमण प्रतिवेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा खर्चका लागि आवश्यक प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ।लेखापरीक्षण क्रममा नमूनाका आधारमा पेश भएका फाइलहरुमा पालिकाले कार्यक्रमको अनुगमन भनि अनुगमन प्रतिवेदन संलग्न नगरी अधिकांश कार्यक्रममा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख, बिभिन्न बिषयगत शाखा प्रमुख लगायतका कर्मचारीहरु लाई अनुगमन भत्ता दिने गरेको देखियो।कार्यालयले सम्पादन गर्ने कार्यक्रमहरुको नियमित अनुगमन गर्नु सम्बन्धित पदाधिकारीहरुको जिम्मेबारी भित्र पर्ने हुँदा पालिकाले यस्ता खर्च निरुत्साहन गर्नु पर्दछ । लेखापरीक्षण

क्रममा देखिएका देहायका कार्यक्रममा भुक्तानी गरिएको अनुगमन भत्ताको सम्बन्धित बाट अनुगमन प्रतिबेदन पेश गराउनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ | कार्यक्रम | भुक्तानी दिने व्यक्ति | रकम |
|---|---|---|---|
| ७८६ | व्युटी पार्लर तालिम (कार्यक्रम भए नभएको यकिन गर्ने) | सीता व्युटी पार्लर तथा ट्रेनिंग सेन्टर | २०००० |
| ९३४ | खाधान्न बाली तालिम | बेचन सढोक यादव | ४६७५० |
| ६९४ | बिपन्न नागरिकका लागि जनचेतना अभियान | डम्बर प्रसाद गुप्ता | ६८०० |
| ६५३ | MNH अपडेट तालिम | राम सेवक यादव | ६८०० |
| जम्मा | | | ८०३५० |

*(प्रारम्भिक प्रतिवेदन उपर भ्रमण प्रतिवेदन प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ३९,१००।- सम्परीक्षण गरिएको।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,३५० |

६७ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा कार्यालयले आफुले खरिद गरेको वा अन्य कुनै माध्यम बाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पतिको लेखा खरिद मूल्य, स्पेशिफिकेशन लगायतका विवरण खुल्ने गरी राख्नु पर्ने र ति अभिलेख खर्च भएर जाने र खर्च भएर नजाने छुट्टा छुट्टै खातामा अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले गामी ट्रेडर्स एण्ड सप्लायर्स संग १० थान कम्प्युटर खरिद रु.९,९९,०९९ मा विभिन्न बिधालयलाई वितरण गरेको भनिएको छ । खरिद गरिएका कम्प्युटर स्पेशिफिकेशन बमोजिम रहेको प्राबिधिक निरीक्षण प्रतिवेदन संलग्न नगर्दा स्पेशिफिकेशन बमोजिम कै सामान आएको भनि सुनिस्चित हुन सकिएन । सरकारी बिधालयलाई हस्तान्तरण गरेको भनिएकोमा बिधालयले सो सामान सम्बन्धित बिधालयको जिन्सीमा दाखिला गरेको सुनिस्चित हुने प्रमाण संलग्न गरेको देखिदैन । जसले गर्दा सरकारी स्रोत दुरुपयोग हुने जोखिम रहेको छ । प्राबिधिक निरीक्षण प्रतिवेदन र बिधालयको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९९,०९९ |

६८ **स्वीकृत लेखामान पालना-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत लेखामान को पालना गर्नुपर्ने, सम्बन्धित खर्च शिर्षक बाट सीमा भित्र रहेर खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले चालु प्रकृतिको खर्च पुँजीगत शिर्षक बाट, पुँजीगत प्रकृतिको खर्च चालु शिर्षक बाट तथा असम्बन्धित खर्च शिर्षक बाट भुक्तानी गर्ने गरेको देखियो । पालिकाले नेपाल सरकारले स्वीकृत गरेको सार्वजनिक लेखामान तथा आर्थिक संकेत वर्गीकरण बमोजिम लेखा राखेको देखिएन। सो को परिपालना प्रति सम्बन्धित सबैलाई जिम्मेबार बनाउनु पर्ने

देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६९ **यातायात खर्च** - पालिकाले नगरसभा बाट स्वीकृत गरेको कार्यसंचालन निर्देशिका,२०७८ मा पालिकाले संचालन गर्ने तालिम अभिमुखीकरण लगायतका कार्यक्रममा ५ किमी भन्दा बढीको दुरी बाट सहभागी हुनेलाई मात्र यातायात भत्ता दिने भनिएकोमा सहभागी आउने स्थान र कार्यक्रम स्थल बीचको दुरी नखुलाई सबै सहभागीलाई यातायात भत्ता दिएको पाइयो । यातायात भत्ता नदिंदा सहभागी नआउने भएकोले सबैलाई यातायात भत्ता उपलब्ध गराइएको पालिकाको जवाफ रहेको छ ।यस्ता कार्यक्रममा सहभागीको अनुमानित दुरी यकिन गरी मात्र यातायात भत्ता उपलब्ध गराउन र पालिकाले आफैले बनाएको कानून परिपालना गराउन पालिकाले ध्यान दिनु पर्दछ ।सहभागीलाई यातायात भत्ता दिइएको उदाहरणहरु निम्न छन्।

| कार्यक्रम | सहभागी संख्या | यातायात खर्च भुक्तानी |
|---|---|---|
| जलवायु परिवर्तन सम्बन्धी | ५५ | रु.५५००० |
| युवा सम्मेलन | १०१ | रु.६०६०० |
| लैंगिक समानता सम्बन्धी कार्यक्रम | ३५ | रु.१७५०० |
| सामाजिक समावेशीकरण सम्बन्धी | ४५ | रु.२२५०० |

सैद्धान्तिक बेरुजु

७० **बील भरपाई अपुग-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर राजेश कुमार यादवको बिल भर्पाई प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ३०,०००।- सम्परीक्षण गरिएको।)*

७१ **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका खरिदमा मौजुदा सूचीमा रहेका कम्तिमा तीन वटा फर्म संग दररेट(कोटेशन) माग गरी खरिद गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको नियम संगत देखिंदैन ।

| गो भौ | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|
| ५४३ | न्यु सरस्वति पुस्तक भण्डार | रु.२४५०४० |
| ७२५ | न्यु सफलता पुस्तक पसल | रु.१००००० |
| ९२४ | न्यु सफलता पुस्तक पसल | रु.१००००० |

| | | |
|---|---|---|
| ७१५ | न्यु सफलता पुस्तक पसल | रु.२६०००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **औषधी र सर्जिकल उपकरण-** पालिकाले आफ्नो प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि बर्ष भरी आवश्कय पर्ने औषधिको वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।नगरपालिकाले आर्थिक वर्षको सुरुमा खरिद योजना स्वीकृत गरेर एकमुष्ठ खरिद गर्नुपर्नेमा विभिन्न मितिमा औषधी तथा सर्जिकल उपकरण हरु शीलबन्दी दरभाउपत्र तथा सूचिकृत फर्म संग कोटेशन माग गरी खरिद गरेको देखिन्छ। आर्थिक वर्षको सुरुमा वार्षिक आवश्यकताको आधारमा योजना तयार गरी औषधि उपकरण खरिद गर्ने र स्वास्थ्य संस्थाहरुलाई समयमै औषधि उपकरण उपलव्ध गराउने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ। लेखापरीक्षण क्रममा नमूनाका आधारमा पेश भएका फाइलहरु मध्ये औषधी तथा सर्जिकल उपकरण खरिदका केहि उदाहरणहरुः

| गो भौ | फर्म/आपूर्तिकर्ता | रकम |
|---|---|---|
| ३०८ | माँ इन्टरप्रैजेज | रु.४२८१३३३ |
| ४२५ | निहा ट्रेडर्स एंड सप्लायर्स | रु.२४९७९७९ |
| ८४१ | एम एस्क्वायर मल्टीपर्पस | रु.२४८८१०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **जेसिबि भाडा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जेसीबी भाडा बापत श्री राम सप्लायर्स लाई गो भौ २५२ बाट रु.११०६२७ र गो भौ ९१३ बाट रु.१६७३९३ गरी कुल रु.२७८०२० भुक्तानी गरेकोमा नियमावलीमा भने बमोजिमको नापी किताबमा प्रमाणित गरी संलग्न नराखिएकोले कहाँ के कति काम भएको हो यकिन गर्न सकिएन । सम्बन्धित भुक्तानीको प्राबिधिक नापी मुल्यांकन तथा अन्य प्रमाण कागजात पेश गर्ने अन्यथा असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७८,०२० |

७४ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको

प्रमुखले कुनै मालसामान वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ ।पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले निर्धारण गरेको व्यवस्था बमोजिमको स्पेशिफिकेशन सहितको लागत अनुमान तयार गरी खरिद कार्य गरेको देखिएन। कानूनी प्रक्रिया र आधार सहितको लागत अनुमान तयारी बेगर तीन वटा आपूर्तिकर्ता संग सिधै कोटेशन माग गरी सबैभन्दा न्युनतम संग खरिद कार्य गरेको देखिए पनि ति आपुर्तिकर्ताले पेश गरेको मूल्य उचित भए नभएको कुरा यकिन गर्न सार्वजनिक खरिद नियमावलीको नियम ८६(२) बमोजिम बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर विश्लेषण गरेको नदेखिएकोले ति दररेट उचित भएको भनि आश्वस्त हुन सकिएन र त्यसरी गरिएको खरिद कार्यहरुलाई नियम संगत मान्न सकिदैन ।पालिकाले कानून परिपालना तर्फ जोड दिनु पर्दछ ।देहायका कारोबारको बास्तविक लागत पालिकाबाटै यकिन गर्न लगाई प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गो.भौ. | मालसमान | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| २६९/०७९-०९-२८ | फाइबर सिरक | सरस्वति वस्त्रालय | ९९८९२० |
| ३४५/०७९-११-१४ | तरकारी बिउं आपूर्ति | सोनाई सीड सेन्टर | ३५२६४० |
| ७१५/०८०-०३-१५ | विधालय सामग्री | न्यु सफलता पुस्तक पसल | २६०००० |
| ८००/०८०-०३-२० | १० थान कम्प्युटर | गामी ट्रेडर्स एण्ड सप्लायर्स | ९९९०९९ |
| ८०२/०८०-०३-२० | स्टेशनरी खरिद | आर इन्टरप्राइजेज एण्ड सप्लायर्स | ९५४००० |
| ८५३/०८०-०३-२० | कम्प्युटर | जयश्रीराम इन्टरप्रैजेज | १४४९९९ |
| ८७८/०८०-०३-२२ | मिनी टिलर | शुभ लक्ष्मी ट्रेडर्स एंड सप्लायर्स | ३९३००० |
| ८७८/०८०-०३-२२ | मिनी टिलर | तिरुपति ट्रेडर्स | ४५८५०० |
| ९१०-३/२३ | ह्युम पाइप | पूर्वाञ्चल ह्युमपाइप एण्ड कंक्रिट इन्डस्ट्रिज | ९७१२३५ |
| ९०९/०८०-०३-२३ | कंक्रिट टेस्ट ह्यामर, कम्प्रेस मेशिन, कोर कटर | मेट्रोकल इन्जिनियरिंग टेक्नोलोजी प्रा.लि. | ९७८८३८ |
| ९३१/०८०-०३-२४ | मसलन्द तथा कार्यालय सामग्री | आयुष ट्रेडर्स एण्ड सप्लायर्स | ४६०६७८ |
| १४३/०८०-०३-२० | कम्प्युटर | ग्रामक कम्युनिकेशन | ६९९९०० |
| ९३२-३/२४ | हार्डवेयर सामाग्री | कृष्ण विधुत हार्डवेयर | ४२९५५८ |
| १५१/पुजीगत | कम्प्युटर | आर.डी सोलुसन | ७४६७०४ |
| १५४/पुजीगत<br>९२९ चालु | इलेक्ट्रिक तथा साउण्ड आइटम | अलवेज हरिदेव इन्टरप्राइजेज | ९१३९०१ |
| जम्मा | | | ९७६१९७२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,६१,९७२ |

७५ **CCTV खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क र नियमावलीको नियम ११ मा मालसामान वा सेवा खरिद गर्नुअघि स्पेसिफिकेसन,डिजाइन,विशेष आवश्यकता वा अन्य विवरण सहित मालसामानको लागत अनुमान तयार गर्नुपर्ने भनेको छ।तेस्तो लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ।पालिकाले लागत अनुमान तयार नगरी विभिन्न ३ आपूर्तिकर्ताबाट विभिन्न बिधालय, मुख्य चोक तथा वडा कार्यालयमा सिसिटिभी खरिद एवम् जडान गरेको छ। कानूनी प्रक्रिया र आधार सहितको लागत अनुमान तयारी बेगर तीन वटा आपूर्तिकर्ता संग सिधै कोटेशन माग गरी सबैभन्दा न्युनतम संग खरिद कार्य गरेको देखिए पनि ति आपुर्तिकर्ताले पेश गरेको मूल्य उचित भए नभएको कुरा यकिन गर्न सार्वजनिक खरिद नियमावलीको नियम ८६(२) बमोजिम बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर विश्लेषण गरेको नदेखिएकोले ति दररेट उचित भएको भनि आश्वस्त हुन सकिदैन।खरिद गरिएका आइटमको अनलाइनमा दिइएको मूल्य संग तुलना गर्दा दररेट अस्वाभाविक बढी देखिन्छ।जडान बापत लाग्ने शुल्क, After Sales Service, ग्यारेन्टी वारेन्टी लगायतका विषय स्पेशिफिकेशन र लागत अनुमान बनाउने बेला नै निर्धारण नगरिएकोले सो बिषयमा स्पष्ट हुन सकिएन।भुक्तानी भएका बिलमा एकमुष्टरुपमा १ लाख सम्म जडान बापत भुक्तानी भएको देखिन्छ, जुन उचित रहेको मान्न सकिन्न।जडान गरिएका सिसिटिभी पनि कुन कुन ठाउँमा लागेको भनि खुल्ने विवरण पेश नहुँदा सबै सिसिटिभी जडान भएकै भनि यकिन गर्न सकिएन।नियमानुसार लागत अनुमान तयार गरी वार्षिक कार्यक्रम अनुसार आवश्यक प्रकृया मिलाई प्रतिस्पर्धात्मक तरिकाबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्ने कार्य नियमसंगत देखिदैन।एकै प्रकृतिको कार्य सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकाबाटै सो खरिदको यथार्थता यकिन गरी पेश गर्नुगर्ने रु

| गो भौ | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| ८०४/०८०-३-२० | ARD Consultant | १०००००० |
| ८०५ र ८१९ | तन्मय इलेक्ट्रोनिक | ९९८२१८ |
| ८०६ र ८२० | श्री कृष्ण इलेक्ट्रोनिक्स | ९९८९४६ |
| | जम्मा | २९९७१६४ |

| प्रमाण पेश नगरेको | २९,९७,१६४ |
|---|---|

७६ **मर्मत आदेश-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ४१ सरकारी रकम खर्च गर्दा खर्चका लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कम्प्युटर मर्मत बापत रंजित कम्प्युटर रिपेयरिंग सेन्टर लाई रु.५२७१७ भुक्तानी गरेकोमा मर्मतका लागि सम्बन्धित कर्मचारीको निवेदन, मर्मत आदेश लगायतका कागजात संलग्न नरहेकोले कुन शाखाको कति थान कम्प्युटर मर्मत गरिएको हो यकिन गर्न सकिएन ।खर्च प्रमाणित गर्ने कागजात बेगरको भुक्तानी नियम संगत मान्न सकिदैन । खर्च प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु.

| प्रमाण पेश नगरेको | ५२,७१७ |
|---|---|

७७ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सबैलाई सहभागी हन समान अवसर प्रदान गर्न बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ ।पालिकाले रु.१० लाख भित्रको लागत अनुमान तयार गरी बिभिन्न आपूर्तिकर्ताबाट सोझै खरिद गरी भुक्तानी दिएकोछ । वार्षिक कार्यक्रम अनुसार आवश्यक प्रकृया मिलाई प्रतिस्पर्धात्मक तरिकाबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्ने कार्य नियमसम्त देखिएन। एकै प्रकृतिको मालसामान टुक्रे बनाई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। एकै प्रकृतिका सोझै खरिदका केहि उदाहरणः

| गो.भौ. | मालसमान | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| ८००/०८०-०३-२० | कम्प्युटर | गामी ट्रेडर्स एण्ड सप्लायर्स | रु.९९९०९९ |
| ८५३/०८०-०३-२० | कम्प्युटर | जयश्रीराम इन्टरप्रैजेज | रु.१४४९९९ |
| १४३/०८०-०३-२० | कम्प्युटर | गमक कम्युनिकेशन | रु.६९९९०० |
| १५१(पुजीगत) | कम्प्युटर | आर.डी सोलुसन | रु.७४६७०४ |
| ८७८/०८०-०३-२२ | मिनी टिलर | शुभ लक्ष्मी ट्रेडर्स एंड सप्लायर्स | रु.३९३००० |
| ८७८/०८०-०३-२२ | मिनी टिलर | तिरुपति ट्रेडर्स | रु.४५८५०० |

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **पान बिल-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा बीस हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा मू.अ.कर प्रमाणपत्र प्राप्त गरेको फर्म संग मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ।लेखापरीक्षण क्रममा नमूनाका आधारमा पेश भएका फाइलहरु मा पालिकाले २० हजार भन्दा बढीको भुक्तानी PAN बीलमा गरेको पाइयो । पालिकाले कानूनी व्यवस्था परिपालनामा ध्यान दिनु पर्दछ

। केहि उदाहरणहरुः

| गो भौ | आपूर्तिकर्ता | बील रकम |
|---|---|---|
| ७१७ | न्यु सफलता पुस्तक पसल | रु.७५००० |
| ७२५ | न्यु सफलता पुस्तक पसल | रु.१००००० |
| ९२४ | न्यु सफलता पुस्तक पसल | रु.१००००० |
| ७१५ | न्यु सफलता पुस्तक पसल | रु.२६०००० |

सैद्धान्तिक बेरुजु

७९ **स्वास्थ्य तर्फ**

७९.१ करः आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम करयोग्य आयको पहिलो २ लाखमा १० प्रतिशत,३ लाखमा २० प्रतिशत र १० लाख सम्म ३० प्रतिशतका दरले र सो भन्दा माथि ३६ प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। स्वास्थ्य शाखा र विभिन्न स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीहरुको आय कर ऐन अनुसार बर्षभरी कट्टि गर्नुपर्ने कर रकम कट्टि नियमअनुसार नगरेकोले पारिश्रमिक कर बापत हुन आउने एकमुष्ट रु. ३१९१५ सम्बन्धित बाट असुल गरी कोष दाखिला गर्नुपर्ने रु.

| नाम | पद | कर योग्य आय | कर रकम | कट्टि गरेको कर | नपुग कर |
|---|---|---|---|---|---|
| आनन्द प्रसादगुप्ता | सि अ हे बछैठौ | १५०९०० | 15089.98 | ७५०९ | ७५८१ |
| राम सेवक यादव | ज स्वा अ सातौ | १६८५७६ | 16857.62 | ७६८६ | ९१७२ |
| मनोज कुमारसाह | सि अ हे बछैठौ | १५०९०० | 15089.98 | ७५०९ | ७५८१ |
| ललित नारायणपरिहस्त | ज स्वा निछैठौ | १५०९०० | 15089.98 | ७५०९ | ७५८१ |
| जम्मा | | | | | ३१९१५ |

*(प्रारम्भिक प्रतिवेदन उपर १३ जना स्वास्थ्य तर्फ कर्मचारीको पारिश्रमिक कर दाखिला प्रमाण पेश*

*भएको आधारमा मिति २०८०।१।४ मा रु. ६७,६००।- सम्परीक्षण गरिएको।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,९१५ |

७९.२ **प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमूखिकरण-**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर सामाग्रीको जिन्सी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१।४ मा रु. २०,०००।- सम्परीक्षण गरिएको।)*

८० **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वटा वडामा ६३ वटा योजना सञ्चालन गरी यस वर्ष १८०जनालाई औसत ८१.४२दिनले दिनको ५७७ का दरले १२,८०० दिन रोजगारी उपलव्ध गराई रु ७३,११,७४४/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१ **अख्तियारी तथा अन्य सशर्त कार्यक्रम**

८१.१ **किसान सुचिकरण कार्यक्रम-** पालिकाले १६ जना किसानको रु. २७२६ को दरले विधुत महसुल खर्च नेपाल विधुत प्राधिकरणलाई रु. ४६३४२ लेखेको छ। साथै गो भौ च नं १७७-२/१ बाट १२ कृषकलाई मोटर संचालन भनि थप रु.३०६५ का दरले विधुत महसुल नेपाल विधुत प्राधिकरणलाई रु.३६७८० समेत दुवै भौचरबाट एकमुस्ट रु. ८३१२२ खर्च लेखेको छ।किसान सुचिकरण कार्यक्रममा किसानको विधुत महसुल तिरेको, कृषक छनौटको आधार पेश नभएको, विधुत महसुल तिर्ने निर्णय नरहेको तथा पालिका चालु खर्चबाट व्यहोर्नुपर्ने खर्च संघीय सशर्त बजेटबाट व्यहोरेको छ।पालिकाले लाभग्राही छनोट को आधार तय गर्नुपर्दछ तथा कुनै पनि खर्च निर्णय बेगर गर्नु हुदैन ।साथै खर्चशिर्षक र बजेट विनियोजन अनुसार खर्च लेख्नुपर्नेमा सो नगरी संघीय सशर्त बाट लेखेको खर्च संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,१२२ |

८१.२ **पूँजिगत बजेटबाट स्वास्थ्य तर्फ तलब-** एकीकृत आर्थिक संकेत र व्याख्या, २०७४ मा तोकिएको शिर्षकबाट खर्च बजेट लेख्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ र नियमावली २०७७ अनुसार बजेट खर्च गर्दा स्वीकृत शिर्षकको अधिनमा रहि खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाको स्वास्थ्य तर्फको कर्मचारीको जेठ महिनाको तलब पुजीगत गो भौ ३२-३/२०(संघिय सरकारबाट हस्तान्तरि पूजिगत) बाट रु. ३७३९०२५.५० र असार महिनामा गो भौ ४१-३/२३(संघिय सरकारबाट हस्तान्तरि पूजिगत)बाट रु. १२४३५०२.५० समेत रु. ४९,८२,५२८ तलब खर्च लेखेको छ।सशर्त चालु बाट गरिनुपर्ने खर्च सशर्त पूँजीगत बाट गरिएको नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४९,८२,५२८ |

८१.३ **प्रविधि हस्तान्तरण कार्यक्रममा खसी वितरण-** गरिबी निबारणको लागि लघु उद्यम बिकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद २ अनुसार प्रविधि हस्तान्तरण भन्नाले व्यवसाय सञ्चालन विस्तार तथा स्तरोन्नति गर्नको लागि आश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्तो मेसिन उपकरण खरिद गर्नको लागत साझेदारीमा सहयोग गर्ने वा उपकरण वा मेसिन सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सिप सिकाउने कार्यलाई समेत जनाउछ भनि उल्लेख छ।साथै उक्त निर्देशिकाको दफा ४१ मा लाभग्राहीले प्रविधि खरिदको कुल लागतको २० प्रतिशत न्युनत्तम लागत सहभागिता जनाउनुपर्ने व्यवस्था छ।पालिकामा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न गरी रु.४,००,००० चाँदनी लेखि को पेश्की फस्र्यौट गरेको छ।जसमध्ये प्रविधि वितरणमा मात्र रु.३,५९,५२० को खर्च लेखेको छ।१३ जनालाई माछाको भुर्रा रु. १५३००, २ वटा बोयर बोका रु.१,३०,०००, चार्जर स्प्रेयर टंकी रु.४२००० तथा अन्य सिलाई मेशिन र व्यटिसियनलाइ आवश्यक सामाग्री वितरण गरेको छ।पालिकाको सशर्त कार्यक्रम अन्तर्गत कृषि शाखाले गर्ने कार्यक्रमहरु तथा कृषि अनुदानबाट सम्पन्न गर्नुपर्ने कार्यहरु उद्यम विकास कार्यक्रम मार्फत प्रविधि हस्तान्तरण गरि रु. १८७३०० खर्च लेखेको छ। प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना अन्तर्गत कृषि जन्य सामाग्रीको अनुदान वितरणमा साझेदारीमा अधिकतम ५० प्रतिशत सम्म अनुदान दिन सकिने उल्लेख छ।पालिकालाई माछाको भुर्रा, बोयर बोका तथा चार्जर स्प्रेयर टंकीमा कृषि अनुदानबाट वितरण गर्दा ५० प्रतिशत बापत हुन आउने अनुदान रकम रु. ९३६५० लाग्नेमा उद्यम विकास कार्यक्रम मार्फत प्रविधि हस्तान्तरण बाट कार्यक्रम गर्दा पालिकालाई थप ३० प्रतिशत बापत हुन आउने रकम रु.५६१९० थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ५६,१९० |

८१.४ **सिलाई मेशिन खरिद-**

........... *(प्रारम्भिक प्रतिवेदन उपर सिलाई मेशिन हस्तान्तरणको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।४ मा रु. ८९,९९७।- सम्परीक्षण गरिएको।)*

८२ **शैक्षिक प्रोफाइल-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलावद्ध राख्नु पर्ने र त्यस्ता बिल कागजात लाई खर्च स्वीकृत गर्ने अधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ।पालिकाले शैक्षिक प्रोफाइल बनाएको खर्च भनि ललित नारायण यादव लाई रु.१८०००० भुक्तानी गरेको छ ।सो प्रोफाइल बनाउँदा अन्तरक्रिया गरेको भनिएकोमा सो को उपस्थिति तथा निर्णय संलग्न देखिएन। मस्यौदा तयार गरी पालिकामा पेश गरी जिन्सी दाखिला सहित भुक्तानी हुनुपर्नेमा दाखिला समेत गरेको छैन।खर्च प्रमाणित गर्ने कागजात प्रमाण बेगरको भुक्तानी नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

८३ **कम्प्युटर खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा कार्यालयले आफुले खरिद गरेको वा अन्य कुनै माध्यम बाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पतिको लेखा खरिद मूल्य, स्पेशिफिकेशन लगायतका विवरण खुल्ने गरी राख्नु पर्ने र ति अभिलेख खर्च भएर जाने र खर्च भएर नजाने छुट्टा छुट्टै खातामा अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले ग्रामक कम्युनिकेशन संग ५ कम्प्युटर १ ल्यापटप र प्रिन्टर रु.६,९९,९०० मा खरिद गरी रुपनगर नन्दराज संग्रौला क्याम्पस लाई हस्तान्तरण गरेको छ । खरिद गरिएका कम्प्युटर स्पेशिफिकेशन बमोजिम रहेको प्राबिधिक निरीक्षण प्रतिवेदन संलग्न नगर्दा स्पेशिफिकेशन बमोजिम कै सामान आएको भनि सुनिस्चित हुन सकिएन । क्याम्पस लाई हस्तान्तरण गरेको भनिएकोमा क्याम्पसले सो सामान जिन्सीमा दाखिला गरेको सुनिस्चित हुने प्रमाण संलग्न गरेको देखिदैन जसले गर्दा सरकारी स्रोत दुरुपयोग हुने जोखिम रहेको छ । प्राबिधिक निरीक्षण प्रतिवेदन र क्याम्पसको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,९०० |

८४ **सामाग्री प्रयोगको प्रमाण-**

........... *(प्रारम्भिक प्रतिवेदन उपर सामाग्री खरिद गरि दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ४,६०,६७८ - सम्परीक्षण गरिएको।)*

८५ **मेयर कप-** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १९(क) मा विस हजार सम्मको मालसामान खरीद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएका तथा पान बीजक जारी गर्ने उपभोक्तावाट खरिद गर्न सकिने तथा नियम ९८ मा एक तह माथिको स्वीकृतिमा रु.१ लाख सम्मको कार्य अमानत वाट गर्न

सकिने व्यवस्था छ। नगरपालिकामा २०७९।१२।७ देखि नगरस्तरीय खेलकुद कार्यक्रमको रुपमा ४ खेल समाबेश गरी मेयर कप संचालन गर्न कार्यालयको कर्मचारीलाई रु.१० लाख पेश्की दिएर काम गराएको मा निजले नगद पुरस्कार बाहेक रु.१८,२६,३५३ को विभिन्न टुक्रा बील, सादा कागजको भरपाई पेश गरेको आधारमा पेश्की फछ्यौट गरेको र बाँकी रकम शोधभर्ना गरेको देखियो। १ लाख भन्दा वढीको कार्यक्रम अमानत वाट गराउन नपाईने तथा कोटेशनको माध्यमवाट काम गराई सम्वन्धितको खातामा रकम भुक्तानी दिनुपर्नेमा कर्मचारी मार्फत भरपाई गराई भुक्तानी दिन मिल्ने देखिदैन। उदघाटन कार्यक्रम भनि रु.५,०२,३६९ खर्च गर्नु स्रोतको सदुपयोग मान्न सकिन्न।पेश भएका बीलहरु उद्धाटन अघि र पछिका मितिका खाजा खाना लगायतका खर्चको समेत पुष्ट्याई प्रमाण संलग्न छैन।६ दिन सम्मको स्टेज र सिलिंगलगायतको भाडा बापत माँ दुर्गा टेन्ट लाई रु.२,४७,२०० भुक्तानी गर्दा र फुटबल जर्सी बापत गामी कपडा लाई रु.४,८६,२१३ भुक्तानी गरेकोमा कोटेशन लगायतको प्रक्रिया समेत पुरा गरेको देखिदैन भने ति जर्सी वितरण गरेको प्रमाण संलग्न गरेको देखिएन।पालिकाले यस्ता कार्यक्रम गर्दा स्रोतको उपलब्धि हासिल हुने गरी मितव्ययी ढंगले सार्वजनिक खरिद कानूनको पालना गरी कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८६ **वडा स्तरीय कार्यक्रम-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी निकायले संचालन गर्ने कार्यक्रमहरु अनावश्यक रुपमा दोहोरो नपर्ने गरी संचालन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले संचालन गरेका कतिपय कार्यक्रम हरु वडागत र नगरस्तरीय भनि दोहोरो पर्ने गरी संचालन गरेको देखियो । पालिकाले लामखुट्टे मार्ने औषधी छर्किने कार्य, जेष्ठ नागरिक सम्मान कार्यक्रम, तरकारी बिउं वितरण जस्ता कार्यक्रम नगरस्तर र वडास्तर बाट संचालन गरेको पाइयो ।पालिकाले योजना छनोट गर्दा दोहोरो नपर्ने गरी अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७ **नगरविकास कोष-**

........... *(प्रारम्भिक प्रतिवेदन उपर नगर विकास कोष सम्झौताको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२६ मा रु. ३,००,०००।- सम्परीक्षण गरिएको।)*

८८ **योग शिविर-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) मा सार्वजनिक निकायले पच्चीस हजार रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले एक हफ्ते योग शिविर संचालन बापतको रकम पतंजली योग समितिलाई भुक्तानी गर्नुपर्नेमा राम स्वरूप चौधरी को नाममा चेक काटिएकोले सो भुक्तानी नियम संगत मान्न सकिदैन । सम्बन्धित संस्थाले सो रकम प्राप्त गरेको आधार प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

८९ **पानी टंकी जडान-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ ।पालिकाले टिपरमा पानी टंकी जडान का लागि कानूनी प्रक्रिया र आधार सहितको लागत अनुमान तयारी बेगर तीन वटा आपूर्तिकर्ता संग सिधै कोटेशन माग गरी सबैभन्दा न्युनतम दररेट पेश गर्ने माँ भगवती इन्जिनियरिंग वर्कशप प्रा.लि. संग रु. ९४९९९८ मा खरिद कार्य गरेको देखिए पनि आपुर्तिकर्ताले पेश गरेको मूल्य उचित भए नभएको कुरा यकिन गर्न सार्वजनिक खरिद नियमावलीको नियम ८६(२) बमोजिम बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर विश्लेषण गरेको नदेखिएकोले ति दररेट उचित भएको भनि आश्वस्त हुन सकिएन र त्यसरी गरिएको खरिद कार्यहरुलाई नियम संगत मान्न सकिदैन। जडित ट्यांकी को प्राबिधिक निरीक्षण प्रतिबेदन पेश नभएकोले ट्यांकीमा प्रयोग भएको फलाम गुणस्तरीय भएको भनि यकिन गर्न नसकिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४९,९९८ |

९० **खरिद सामग्रीको प्रयोग-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायको गो भौ बाट ह्युम पाइप तथा बोरा खरिद गरेकोमा अधिकांश ह्युम पाइप पालिका परिसर मै अलपत्र रहेको छ भने बोराको प्रयोग समेत यकिन गर्न सकिएन। पालिकाले आवश्यक सामाग्री मात्र खरिद गर्न तर्फ ध्यान दिनु पर्दछ। खरिद सामग्री सम्बन्धित स्थानमा वितरण तथा जडान गरी उपयोगमा ल्याएको प्राविधिक पुष्ठ्याई समेतको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ | सामग्री | परिमाण | फर्म | रकम |
|---|---|---|---|---|
| ९१०/०८०-०३-२३ | ह्युम पाइप | ६९ वटा | पूर्वान्चल ह्युमपाइप एण्ड कंक्रीट इन्डस्ट्रिज | ९७१२३५ |
| ८९५/०८०-०३-२३ | बोरा | २२००० थान | सप्तकोशी इन्जिनियरिंग कन्स्ट्रक्सन कन्सल्टेन्सी एण्ड सप्लायर्स | ४९०२०० |
| जम्मा | | | | १४६१४३५ |

| प्रमाण पेश नगरेको | १४,६१,४३५ |
|---|---|

९१ **गैरसरकारी संस्थाबाट काम-** सार्वजनिक खरिद नियमावालीको नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। र त्यसरी गराउँदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने भनिएको छ।लेखापरीक्षण क्रममा पेश भएका देहायका फाइलमा पालिकाले नियमावली बमोजिमको कार्यक्षेत्रगत शर्त, लागत अनुमान, सूचना प्रकाशन जस्ता प्रक्रिया पुरा नगरी गैर सरकारी संस्था बाट गरेको काम नियम संगत मान्न सकिदैन ।

| गो भौ | कार्यक्रम | गैर सरकारी संस्था | रकम |
|---|---|---|---|
| ८२४/०८०-०३-२० | युवा सम्मेंलन | समाज कल्याण फाउन्डेशन | रु.६००००० |
| ८२५/०८०-०३-२० | जलवायु परिवर्तन सम्बन्धी जनचेतना | जनसरोकार मंच | रु.२००००० |
| ८२९/०८०-०३-२० | प्लास्टिक झोला विस्थापन सम्बन्धी जनचेतना | नव जागृति नेपाल | रु.१९९००० |
| ८३२/०८०-०३-२० | सम्पति कर कार्यान्वियन अभिमुखीकरण | नेपाल ग्रामिण विकास | रु.२००००० |

| सैद्धान्तिक बेरुजु |
|---|

९२ **न्यायिक समिति बैठक-** स्थानीय तहका पदाधिकारीका लागि प्रदेश द्वारा बनाइएको कानून ले न्यायिक समितिको बैठक भत्ता दिने बिषय उल्लेख गरेको देखिदैन ।पालिकाले पारित गरेको कार्य संचालन कार्यविधि समेतले त्यस्तो भत्ता दिने व्यवस्था गरेको छैन।पालिकाले गो भौ ८४८/३-२१ बाट २०७९ भदौ १७ देखि चैत्र २८ सम्म हफ्तामा २ पटक न्यायिक समिति बैठक बसेको भनि ४७ वटा बैठक बाट रु.४००००० खर्च लेखेको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरुः

९२.१ **उपस्थिती-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर न्यायिक समितिको बैठकमा उपस्थित भएको बैठक माइन्युट प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२८ मा रु. २,७९,०००।- सम्परीक्षण गरिएको।)*

९२.२ न्यायिक समिति बैठकमा सदस्य नै नरहेका र रकम बुझेको भरपाई समेत नगरेका देहायका व्यक्तिको रकम असुल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| नाम | रकम (कर बाहेक) |
|---|---|
| रेनुका शाह | ५९९२५ |
| राजेश राज | ५९९२५ |
| जम्मा | ११९८५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,८५० |

९३ **मेयर छात्रवृति कार्यक्रम-** पालिका भित्रका विधार्थी लाई शिक्षामा आर्थिक सहायता दिने उदेश्य साथ पालिकाले यो कार्यक्रम संचालन गरी गो.भौ.६३७/३-०७ बाट रु.३५०००० खर्च लेखेको छ ।निवेदनको आधारमा लाभग्राही कार्यपालिका बाट छनोट गरिएकोमा १ वर्ष वा सो तहको सबै खर्च व्यहोर्ने भनि निर्णय गरेको देखिएन ।कलेज फी को ५०% छात्रवृति दिने भनिएकोमा कुन-कुन शुल्कमा दिने समेत स्पष्ट किटान गरेको कागजात पेश भएन ।दीर्घकालीन प्रभाव पार्ने यस्ता कार्यक्रम संचालन गर्दा पालिकाले सबै पक्ष विश्लेषण गरी स्पष्ट कार्यविधि तर्जुमा गरी कार्यन्वयनमा लैजानुपर्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९४ **खेलकुद कार्यक्रम-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलावद्ध राख्नु पर्ने र त्यस्ता बिल कागजात लाई खर्च स्वीकृत गर्ने अधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।गो भौ ८/६-०७ बाट गुणदेव चौधरीको गत वर्षको रु.६,००,००० खेलकुद कार्यक्रमका बील राखी पे.फ. गरिएको छ ।खेलकुद कार्यक्रममा स्वयंसेवक कति खटाउने,कुन दरले भत्ता दिने निर्णय नगरी फरक फरक दरले भत्ता दिएको देखियो ।खेलाडी लाई दिइएको भनिएको जर्सीको भरपाई छैन भने बीलको रकम रु.४००९९१ मात्र रहेको छ।आवश्यक कागजात बेगरको कारोबार नियम संगत मान्न सकिदैन। पे.फ रकम बराबरको बील, जर्सी बुझेको भरपाई लगायतका कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

९५ **सशर्त कार्यक्रम-** (संघीय सशर्त चालु)सार्वजनिक खरिद नियमावली को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले ५०% अनुदानका कार्यक्रम अन्तर्गत खरिद गर्दा लाभग्राही अंशलाई लागतको रुपमा गणना नगरी केवल कार्यालयको अंश लाई लागत मानि खरिद गरेको देखिन्छ । अनुदान रकम समेत लागतमा समावेश नगर्दा लागत अनुमान वास्तविक लागत भन्दा ५०% रकमले कम कायम हुन गएको देखिन्छ, जसले गर्दा समग्रमा २० लाख भन्दा बढीको मालसामान खरिद समेत शीलबन्दी दरभाउपत्र बाट भएको छ ।पालिकाले लाभग्राही अंश समेत लागतमा गणना गरी वास्तविक लागत कायम गरी खरिद विधि अवलम्वन गर्नु पर्ने देखिन्छ ।वास्तविक लागत नबन्दा खरिद विधिमा परेको असरको उदाहरणः

| कार्यक्रम | लाभग्राही अंश | पालिका अंश | जम्मा लागत | हुनुपर्ने खरिद विधि | भएको खरिद विधि |
|---|---|---|---|---|---|
| धानबाली प्रवर्धन | रु.१४५७५५२ | रु.१४५७५५२ | रु.२९१५१०४ | बोलपत्र | शीलबन्दी |
| मिनी टिलर | रु.८५१५०० | रु.८५१५०० | रु.१७०३००० | शीलबंदी | सोझै खरिद |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९६ **सटर भाडा-** नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सटरहरु भाडामा लगाएको छ। सम्झौता अनुसार नगरपालिकाले सटरहरुबाट भाडा संकलन गरेको छैन । सम्झौतामा उल्लेखित शर्त अनुसार आर्थिक बर्ष २०७९/०८० मा सम्बन्धित व्यक्ति वा संस्था वाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९०,७९७ |

९७ **नक्सा पास दस्तुर-**

*........... (प्रारम्भिक प्रतिवेदन उपर सञ्जय कुमार राउतको राजस्व असुल प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा रु. ४०९५।- सम्परीक्षण गरिएको।)*

९८ **सहकारी नियमन-**

*........... (प्रारम्भिक प्रतिवेदन उपर सहकारी नियमनको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२५ मा सम्परीक्षण गरिएको।)*

९९ **विज्ञापन कर बाँडफाँड-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ मा विज्ञापन कर बाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश संन्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले

यसबर्ष विज्ञापन कर वापत रु १,२५,०००/- आम्दानी प्राप्त गरेकोमा प्राप्त आम्दानीको ४० प्रतिशत रु ५०,०००/- प्रदेश संन्चित कोषमा दाखिला गरेको देखिएन । ऐन अनुसार ४० प्रतिशत प्रदेश संन्चितकोषमा दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

१०० **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाले बैङ्कमार्फत १२ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको समयमा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षाभत्ता बापत निकासा भएको रकममध्ये चार वटै वैङ्क बाट चौथो किस्तासम्म वितरण गरि त्यसको रिभर्स फिड प्राप्त भई बैङ्कले रु १७०१६९४.५७/- संञ्चित कोषमा दाखिला भएको पाईयो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०१ **धरौटी तर्फ-** पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको एकिकृत आ वि मा धरौटी तर्फ देखिएका व्यहोरा निम्न छन्।

१०१.१ **धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा निर्माण व्यवसायीले आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि मात्र धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ।तर नगरपालिकाले देहाय भौचरबाट निम्नानुसार लाई धरौटी फिर्ता गर्दा मु अ कर समायोजनको प्रमाण पेश नगरी धरौटी फिर्ता गरेको नियमित नदेखिएकोले मु अ कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,७६,४६७ |

**(विस्तृत विवरण बेरूजु दफा १०१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०१.२ **धरौटी आम्दानीः** पालिकाले पेश गरेको आ.वि मा रु १४८८३१५९.१२ र सुत्रमा ९२५८००० देखिएकाले फरक देखिएको धरौटीको हिसाब मिलान गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०१.३ **फिर्ता र सदरस्याहाः** एकिकृत आ.वि. मा रु. ८,०६,१३५ रहेको छ भने सुत्रमा फिर्ता र सदरस्याहा गरी रु.५०,१४,३८६ देखिन्छ। फरक परेको रकमको हिसाब मिलान गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०१.४ **राजस्वमा आम्दानी बाध्नेः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ६४ मा कार्यालयले व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी नियम ६८(घ) मा कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभए बैङ्क खातामा रहेको रकम राजस्वमा आम्दानी बाध्ने भनेको छ। पालिकाले नाम नखुलेको धरौटी भनि रु. १०२०३२ धरौटी खातामा अभिलेखिकृत गरेको देखिन्छ।पहिचान र प्रयोजन नखुलेको रकम यकिन गरी राजस्व खातामा आम्दानी बाध्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,०२,०३२ |
|---|---|

१०१.५ व्यक्तिगत धरौटी खातामा धरौटी नरहेको व्यक्ती सरोज गोइतलाई धरौटी फिर्ता भनि रु. ४०००० भुक्तानी गरिएको नियम सम्मत देखिदैन। व्यक्तिगत धरौटीमा नाम नभएको व्यक्तिलाई गरिएको भुक्तानी सम्बन्धित बाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ४०,००० |
|---|---|

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **उपस्थिती-** विद्यालयको बास्तविक हाजिरी अनुसार बाल बिकास देखि कक्षा ६ सम्म बर्षभरी जम्मा अधिकतम २० प्रतिशत मात्र हाजिरी रहेको छ। उक्त हाजिरीमा भाद्र देखि पुष महिना सम्म अधिकतम विद्यार्थी उपस्थिति २५ प्रतिशत भन्दा बढि नरहेको र ईमिस अनुसार(प्रतिक्रियाबाट सम्परीक्षणको लागि पालिकाले पेश गरेको प्रमाणित अपडेटेड ईमिस अनुसार) जम्मा विद्यार्थी ३३३ भनि पेश गरेको (लेखापरीक्षणको क्रममा पेश इमिस अनुसार विद्यार्थी संख्या जम्मा १७३ मात्र रहेको) छ।लेखापरीक्षणको क्रममा विद्यालयबाट माग गरी पेश भएको बास्तविक हाजिरी अनुसार जम्मा विद्यार्थी संख्या २२२ मात्र रहेकोले २२२ जनाको २५ प्रतिशत बापत हुन आउने संख्या जम्मा ५६ जनाको १२३ दिनको दिवा खाजा प्रति विद्यार्थी रु. १५ का दरले जम्मा रु. १,०३,३२० हुनेमा फरक हाजिरी बनाई पेश गरी सोही आधारमा रु. ५,१६,९७५ निकासा दिएकोले बढि निकासाबापत हुन आउने रकम रु.४१३६५५ छानबिन सहित यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ४१३६५५.०० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| २ | **सशर्त अनुदान रकम फिर्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७२ ) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान संघीय शसर्त तर्फ रु. ४,०५,८२,५८९.२४ र प्रदेश तर्फ १,२४,५९,६८६ समेत रु. ५,३०,४२,२७५.२४ फिर्ता गरी हिसाब फरफारक गर्नुपर्नेमा प्रतिक्रियामार्फत रु ४१७२३१२१।२४ मात्र फिर्ता गरेको प्रमाण पेश गरेकोले प्रदेश तर्फ रु ११३१९१५४ घटी अनुदान फिर्ता गरेकोले हिसाब फरफारक गर्नुपर्ने रु. | ११३१९१५४.०० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: कञ्चनरुप नगरपालिका, सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुरुषोत्तम घिमिरे | २०८०-२-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेश कुमार राज | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,३४२,०२४ | ५,६७८,६१८ | १५४,१११,७७३.४८ | ० | ४३२,००० | १,०६२,७६१ |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १६४,६२७,१७६.४८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६१,७५३,७४१.२४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ११,७३२,८०९ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११४,६०६,२४४.२४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १६१३८७४०३.३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४७०५६१४० | **चालु खर्च** | ५३२४७३५३०.१४ |
| **प्रदेश सरकारबाट अनुदान** | २९८५८००० | **पूँजीगत खर्च** | ११५८४८५४९ |
| **राजश्व बाँडफाँट** | १०३३९५०९० | **वित्तीय/अन्य व्यवस्था** | ३६०४७६३१६.०१ |
| **आन्तरिक आय** | १८०८३०९३ | | |
| **अन्य आय** | ३९८७८५७३३.८५ | | |
| **कुल आय** | ९९७१७८०५६.८५ | **कुल खर्च** | १००८७९८३९५.१५ |
| **बाँकी मौज्दात** | | १४९७६७०६५ | |

## बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण-अनुसूची-३

| **सि.नं.** | **योजनाको नाम** | **निर्माण व्यवसायी** | **गो.भौ.नं.** | **रकम** |
|---|---|---|---|---|
| १ | तारजाली केटिङ-विष्णु मन्दिर | सुदामा यादब निर्माण सेवा | १४०।०८०-३-२० | ४८४,६७७।- |
| २ | वाटो स्तरोन्नती | अवरार कन्स्ट्रक्सन प्रा.ली | १८/०८०-३-२१ | ६८६४६८.९५ |
| ३ | सड्क स्तरोन्नती | प्रयास कन्स्ट्रक्सन | १७/०८०-३-१९ | ६९१५०५.३८ |
| ४ | सड्क स्तरोन्नती | श्यामा कन्स्ट्रक्सन | १६/०८०-३-१९ | ६८४४४१.९९ |
| ५ | सड्क स्तरोन्नती | रिषिता विल्डर्स एण्ड कन्स्ट्रक्सन | १५/०८०-३-१९ | ६९११७२.५६ |
| ६ | सड्क स्तरोन्नती | चौधरी कन्स्ट्रक्सन | १२/०८०-२-२२ | ८०५५०७.५३ |
| ७ | सड्क स्तरोन्नती | सोनाक्षि कन्स्ट्रक्सन | १०/०८०-२-२२ | ९४६८७०.४३ |
| ८ | सड्क स्तरोन्नती | साधाना कन्स्ट्रक्सन | ६/०७९-९-२६ | ७७५४९३.२१ |
| ९ | सड्क स्तरोन्नती | आर. एस. कन्स्ट्रकसन | ४/२०७९-०९-१३ | ९६४६८३.०० |

| | | | | |
|---|---|---|---|---|
| १० | नाला निर्माण | माझी निर्माण सेवा | १२३/०८०-३-१९ | ७७४,७०७.०० |
| ११ | नाला निर्माण | न्यु विशाल कन्स्ट्रक्सन | ६२/०८०-१-१२ | ५७९,९८०.०० |
| १२ | नाला निर्माण | शिव सागर निर्माण सेवा | १३७/०८०-३-२० | ७७७,२३५.०० |
| १३ | RCC ढलान | वजरगंवली कन्स्ट्रक्सन | १३४/०८०-३-२४ | ९६९,३३०.०० |
| १४ | ग्राभेल सड्क निर्माण | महेन्द्र निर्माण सेवा | १३६/०८०-३-२४ | ७७२,८४५.०० |
| १५ | भवन निर्माण | त्रिशक्ती कन्स्ट्रक्सन | ३६/०८०-३-२२ | ११९९४१.०० |
| १६ | भवन निर्माण | राजाजी निर्माण सेवा | ३७/०८०-३-२२ | ९७६३०७.६३ |
| | | | | १०,२२०,२४०.०५ |

## बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण-अनुसूची-४

| | | | |
|---|---|---|---|
| ४२६/०७९-१२-२२ | न्यु सरस्वति पुस्तक पसल | खेलकुद सामग्री | १००००० |
| ५४३/०८०-०२-१ | न्यु सरस्वति पुस्तक भण्डार | परिक्षा छपाई सामग्री | २४५०४० |
| ७६६/०८०-०३-१९ | योगेन्द्र प्रसाद चौधरी/न्यु सफलता पुस्तक | फूटबल | रु.१००००० |
| ८८०/०८०-०३-२२ | खुशी प्रिन्टर्स | शैक्षिक क्यालेण्डर | १९६६६२ |
| ८९३/०८०-०३-२३ | हरिशंकर फलफुल नर्सरी बागवानी | वृक्षारोपण | ९८५०० |
| ९२६/०८०-०३-२४ | प्रवीण भिडियो एण्ड इलेक्ट्रिक रिपेयारिंग | मर्मत | ७२९०५ |
| ८७८/०८०-०३-२२ | शुभ लक्ष्मी ट्रेडर्स एंड सप्लायर्स | मिनी टिलर | ३९३००० |
| ८७८/०८०-०३-२२ | तिरुपति ट्रेडर्स | मिनी टिलर | ४५८५०० |
| ९३१/०८०-०३-२४ | आयुष ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ४६०६७८ |
| ९३२/०८०-०३-२४ | कृष्ण बिधुत हार्डवेयर | हार्डवेयर सामग्री | ४२९५५८ |
| १५४/पुजीगत<br>९२९ चालु | अलवेज हरिदेव इन्टरप्राइजेज | इलेक्ट्रिक तथा साउण्ड आइटम | ९१३९०१ |
| जम्मा | | | ३३६८७४४ |

## बेरूजु दफा १०१.१ सँग सम्बन्धित विवरण-अनुसूची-५

| गो भौ नं/मिति | व्याक्ति/फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ५/२०७९।०६।०९ | जानकी कन्स्ट्रक्सन | निर्माण सम्बन्धि कार्य | १४,३४० |
| ३९/२०७९।०६।२७ | ओम कन्स्ट्रक्सन | निर्माण सम्बन्धि कार्य | ३,०७,५४४ |
| ४०/२०७९।०७।२७ | ओम कन्स्ट्रक्सन | निर्माण सम्बन्धि कार्य | १,३३,३३८ |

| | | | |
|---|---|---|---|
| ४१/२०७९।०६।२७ | गायत्री निर्माण सेवा | निर्माण सम्बन्धि कार्य ठेक्का वापत | ३,७०,५९२ |
| ८३/२०८०।०१।०५ | सन्तोष कन्ट्रक्सन | भवन निर्माण | ५८,९६३ |
| ८२/२०८०।०१।०५ | सन्तोष कन्ट्रक्सन | सडक कालोपत्रे | १,७२,११७ |
| ८७/२०८०।०१।२८ | पि वि एण्ड इन्जिनियरिङ | सडक कालोपत्रे | १,२१,३०६ |
| ९२/२०८०।०१।२८ | पि वि एण्ड इन्जिनियरिङ | सडक कालोपत्रे | २,९५,४८२ |
| ९१/२०८०।०१।२८ | पि वि एण्ड इन्जिनियरिङ | सडक कालोपत्रे | २,९५,४८२ |
| ९४/२०८०।०२।०३ | रुपकाली कन्ट्रक्सन | DLP को कार्य | ८९,३०३ |
| ९३/२०८०।०२।०३ | रुपकाली कन्ट्रक्सन | निर्माण कार्य ठेक्का | २,९०,८५३ |
| ९६/२०८०।०२।०९ | प्रमाण कन्ट्रक्सन | निर्माण कार्य ठेक्का | ५१,००० |
| १०४/२०८०।०२।११ | परफेक्ट कन्ट्रक्सन | सडक निर्माण | ३,६१,०४७ |
| १०३/२०८०।०२।११ | परफेक्ट कन्ट्रक्सन | सडक निर्माण | ३,१५,१०० |
| जम्मा | | | २८,७६,४२७ |

**नोट-** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ।